## महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना

### परिदृश्य (Vision)

व्यावसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रुपमा स्थापित भई कानूनको शासन प्रवर्द्धन गर्नु महान्यायाधिवक्ताको कार्यालयको परिदृश्य हुनेछ ।

### परिलक्ष्य (Mission)

फौजदारी मुद्दाको अनुसन्धानमा नेतृत्वदायी भूमिका, स्वच्छ र प्रभावकारी अभियोजन तथा सुदृढ प्रतिरक्षा प्रणाली एवम् व्यावसायिक कानूनी राय प्रदान गर्ने संस्थाको रूपमा विकास गर्नु महान्यायाधिवक्ताको कार्यालयको परिलक्ष्य हुनेछ ।

### मूल्यहरू (Values)

- स्वच्छ सुनुवाइ,
- कानूनको शासन,
- कानून र न्यायका मान्य सिद्धान्तहरूको अवलम्बन,
- मानवअधिकार र वैयक्तिक स्वतन्त्रताको सम्मान, संरक्षण र प्रवर्द्धन,
- सार्वजनिक हितको संरक्षण,
- पीडित मैत्री र न्यायमा सहज पहुँच,
- व्यावसायिक स्वायत्तता र उन्मुक्ति,
- उत्तरदायित्व र जवाफदेहिता,
- निरन्तर सुधार र सिकाई,
- नैतिकता र सदाचार,
- लैंगिक मैत्री र विविधताको सम्बोधन,
- समावेशिता ।

# सरकारी वकीलको व्यावसायिक स्वतन्त्रतासम्बन्धी

## स्रोत पुस्तिका




प्रकाशक

**महान्यायाधिवक्ताको कार्यालय, नेपाल**

रामशाहपथ, काठमाडौं

## सरकारी वकीलको व्यावसायिक स्वतान्त्रतासम्बन्धी

# स्रोत पुस्तिका

**प्रकाशक**

महान्यायाधिवक्ताको कार्यालय, नेपाल

रामशाहपथ, काठमाडौं

**कार्य समूह**

| | | |
|---|---|---|
| अनुगमनकर्ता | : | सहन्यायाधिवक्ता, श्री खेमराज ज्ञवाली, महान्यायाधिवक्ताको कार्यालय |
| संयोजक | : | उपन्यायाधिवक्ता, श्री चन्द्र कुमार पोखरेल, महान्यायाधिवक्ताको कार्यालय |
| सदस्य | : | शाखा अधिकृत, श्री शान्ति प्रसाद लुइटेल महान्यायाधिवक्ताको कार्यालय |
| सदस्य | : | शाखा अधिकृत, श्री प्रतिमा दाहाल महान्यायाधिवक्ताको कार्यालय |
| सदस्य | : | शाखा अधिकृत, श्री प्रकाश न्यौपाने कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय |


| | | |
|---|---|---|
| प्रकाशक | : | महान्यायाधिवक्ताको कार्यालय, नेपाल |
| प्रकाशन प्रति | : | ६०० प्रति |
| प्रकाशन मिति | : | २०७४ असार |

# विषयसूची

**परिच्छेद-१** .......................................................१

१. परिचयः-.......................................................१

१.१ व्यावसायिक स्वतन्त्रता र उन्मुक्तिको आवश्यक्ताः-..........३

**परिच्छेद-२** .......................................................१०

२. संवैधानिक तथा कानूनी व्यवस्थाहरु.........................१०

२.१. संवैधानिक व्यवस्थाः- .........................................१०

२.२. कानुनी व्यवस्थाः ...............................................११

**परिच्छेद-३** .......................................................१७

३. सरकारी वकील सम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानहरू............१७

३.१. अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्गदर्शन (Guidelines on the Role of Prosecutors:, 1990) ..... १७

३.२. अभियोजनकर्ताको व्यावसायिक अधिकार र जिम्मेवारी IAP सम्बन्धी मापदण्ड १९९९ (The IAP Standards of Professional Responsibility and Statement of the Essential Duties and Rights of Prosecutors, 1999) ..१८

३.३. युरोपेली परिषद्को मन्त्रीस्तरीय समितिका सदस्य राष्ट्रहरूलाई अभियोजनकर्ताको फौजदारी न्याय प्रणाली सम्बन्धमा दिइएको सुझाव (Council of Europe Committee of Ministers Recommendation, 2000) . २१

३.४. फार्क्वार्सन निर्देशिकाः सरकारी वकीलको भूमिका र जिम्मेवारीहरू (The Farquharson Guidelines: The Role and Responsibilities of the Prosecution Advocate, 2002) ............ ३२

३.५. युरोपका महाअभियोजकहरूको सम्मेलनबाट पारित बुडापेष्ट निर्देशिका, 2005 (The Budapest Guidelines adopted by the Conference of Prosecutors General of Europe, 2005) .......................................... २५

**परिच्छेद-४** ....................................................... २८

४. अन्य मुलुकहरूले अवलम्बन गरेको अभ्यास................२८

४.१. बेलायतः.............................................२८

४.२. संयुक्त राज्य अमेरिका .............................२९

४.३. जापान.............................................३०

४.४. कोरिया............................................३०

४.५. नामिबिया.......................................... ३१

४.६. अस्ट्रेलिया.......................................... ३१

४.७. श्रीलङ्का............................................ ३२

४.८. हङकङ............................................ ३२

**परिच्छेद-५**......................................................... ३३

५. सरकारी वकीलहरूको आचारसंहिता.......................... ३३

५.१ महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षिय रणनीतिक योजना (2073/74-2077/78) .............. ३४

५.२ नेपालका सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलन 2073 ........ ३५

**परिच्छेद-६** ........ ३७

६. सर्वोच्च अदालतबाट सरकारी वकीलहरूको व्यावसायिक स्वतन्त्रताका सम्बन्धमा प्रतिपादित सिद्धान्तहरू ........ ३७

**परिच्छेद-७** ........ ५०

७. सरकारी वकीलको व्यावसायिक विकासको लागि सरकारी वकीलले ध्यान दिनुपर्ने विषयहरु ........ ५०

**परिच्छेद-८** ........ ५२

८. महान्यायाधिवक्ताको कार्यालयले अवलम्बन गर्न पर्ने रणनीतिहरु ........ ५२

**परिच्छेद-९** ........ ५४

९. निष्कर्ष ........ ५४

सन्दर्भ सामग्री ........ ५८

# परिच्छेद-१

## १. परिचयः

लोककल्याणकारी राज्यको प्रमुखतम जिम्मेवारी एवं कर्तव्य जनतालाई सेवा र सुविधा उपलब्ध गराउनु नै हो। जनतालाई राज्यका तर्फबाट प्रवाह गरिने सेवा र सुविधा उपलब्ध गराउनका लागि राज्यले विभिन्न संयन्त्रको व्यवस्था मिलाएको हुन्छ। राज्यका विभिन्न संयन्त्र मध्ये महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयहरू पनि महत्वपूर्ण रूपमा रहेका छन् जसले संविधान र कानूनले निर्दिष्ट गरेका काम पुरा गरी मुलुकमा शान्ति र व्यवस्था कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। फौजदारी न्याय प्रशासनका ३ प्रमुख अवयव अनुसन्धान, अभियोजन र न्याय निरोपण मध्ये राज्यको तर्फबाट अभियोजनकर्ताको महत्वपूर्ण जिम्मेवारी पुरा गरी रहेका छन्। नेपाल सरकारवादी हुने मुद्दाका साथै सरकारलाई सरोकार पर्ने मुद्दा, सरकारलाई विपक्षी बनाई दायर भएका रिट निवेदन समेतमा क्रमशः अभियोजन, बहस पैरवी र प्रतिरक्षा गर्ने, कानूनी राय प्रदान गर्ने, कार्य गरी अपराधिलाई दण्डित गर्न, पीडितलाई न्याय प्रदान गर्न र समाजमा शान्ति र व्यवस्था कायम गरी सुशासनलाई प्रवर्द्धन गर्न अहोरात्र क्रियाशिल रही आएका छन्।

आधुनिक न्याय प्रणालीको शुरूवात हुनुभन्दा पहिला नेपालको न्याय प्रशासन तत्कालिन शासकहरूले जारी गरेका सनद, सवाल रूक्का, इस्तीहारका आधारमा सामान्य लेखपढ गरेका कर्मचारीहरूको आधारमा हुने गर्दथ्यो जसले गर्दा फौजदारी न्याय प्रशासन परंपरागत ढङ्गले



संचालित रहेको थियो। प्रजातन्त्रको स्थापनासंगै मुलुकमा आधुनिक न्यायप्रणालीको शुरूवात हुन गई राज्यले प्रदान गर्ने न्याय प्रदान गर्न न्यायाधीश नियुक्ति र अदालतको स्थापनाले मात्र सरकारवादी मुद्दाको न्याय निरोपण प्रभावकारी ढङ्गले संचालन हुन सकेन। नेपाल सरकारवादी हुने मुद्दामा सर्वसाधारण आफैले प्रमाण संकलन गरी प्रमाणित गर्नु पर्ने भएका कारण मुद्दामा सफलता हासिल नहुनुका साथै अन्य मुद्दामा असफल हुने वादी जस्तै सजायको भागिदार हुने हुदा सरकारी मुद्दा कमदायर हुने भएकोले सो को निपटारा गर्ने हेतुले नेपाल सरकारवादी हुने मुद्दामा अनुसन्धान, वहस पैरवी, प्रतिरक्षा सरकारी पक्षबाट भएमा यथोचित प्रतिनिधित्व हुनुका साथै पीडितलाई न्यायप्रदान गर्न सहज हुने भन्ने अभिष्टका साथ २०१७ सालमा सरकारी मुद्दा सम्बन्धी ऐन २०१७ को आगमन भई सरकारी मुद्दाको अनुसन्धान, अभियोजन र वहस पैरवीको लागि छुट्टै संयन्त्रको आवश्यक्ता महशुस गरी सरकारी वकीलको पदको सिर्जना हुन गई उल्लेखित कार्य गर्दै आइरहेको छ।

सरकारको हक हित र स्वार्थ रहेको मुद्दामा गरिने अभियोजन बहस पैरवी, प्रतिरक्षा, कानूनी राय लगायतका सरकारी वकीलले गर्ने समग्र कार्य विशिष्ट प्रकृतिका व्यावसायिक कार्य हुन। सरकारी वकीलले सम्पादन गर्ने कार्य निजामती सेवाका कर्मचारीहरूले सम्पादन गर्ने कार्य भन्दा भिन्न विशिष्ट र व्यावसायिक प्रकृतिको हुने भएकाले अन्य कुनै पेशा र सेवा भन्दा सरकारी वकीलको सेवा र पेशालाई महत्वका साथ हेरिने गरेको पाइन्छ। जसले गर्दा सरकारी वकीलको सेवालाई छुट्टै मर्यादा र सुविधा उपलब्ध गराउने गरेको पाइन्छ भने हाम्रो देशमा सामान्य निजामती कर्मचारीको हैसियतमा सरकारी वकीललाई राखिएको छ। नेपालमा संवैधानिक रूपमा महान्यायाधिवक्ताको व्यवस्था गरिएको ५२

वर्ष भन्दा बढी अवधि पार गरी सकेतापनि राज्यको तर्फबाट गरिने कार्य विशिष्टीकरणको मान्यतानुसार सरकारी वकीलहरूको हैसियत भने साधारण निजामती सेवाको पदभन्दा अलग गर्न नसकेको अवस्था रहेको छ। जसले गर्दा सरकारी वकीलमा कार्यगत स्वतन्त्रता पेशागत विशिष्टता तथा व्यावसयिकता विकाश नहुनुका साथै कामकारवाहीमा प्रभावकारीता पनि आउन सकेको छैन। जसले गर्दा नयाँ नयाँ अपराध, नयाँ संवैधानिक एवं कानूनी समस्या श्रृजना भएका विवादमा असफलता व्यहोर्दै जानु परेको छ।

**१.१ व्यावसायिक स्वतन्त्रता र उन्मुक्तिको आवश्यक्ताः-**

कानून व्यवसाय देशको प्रचलित कानूनको अधिनमा रही संचालन गरिने उच्च स्तरको सम्मानित बौद्धिक व्यवसाय हो।हरेक पेशा एवं व्यवसायले विषय विज्ञताको माग गरे जस्तै कानून व्यवसायलाई सफलतापूर्वक संचालन गर्नको लागि विशेष प्रकारको ज्ञान सीप, अनुभव, दक्षता र क्षमताको आवश्यक्ता पर्दछ। विषयवस्तु प्रतिको गहिरो अध्ययन, त्यसको तार्किक प्रयोग, तथ्यहरूको विश्लेषणको क्षमता, इमान्दारिता, सकारात्मक सोच, समयमै गल्ती सुधार्न सक्ने दक्षता, पारदर्शिता गलत र दुरासयपूर्ण अभियोजनबाट टाढा, पेसागत कार्य स्वतन्त्रता, सकारात्मक सोच जस्ता व्यावसायिकताका अन्तरनिहित तत्वहरू सरकारी वकील पेशाका लागि महत्वपूर्ण आधारका रूपमा रहेका छन।

व्यवसायिक स्वतन्त्रता कुनै पनि पेशामा रही कार्यसम्पादन गर्दा विधमान ऐन कानून नियम र पेशाको मूल्य मान्यता, आदर्श भित्र रही स्वतन्त्रतापूर्वक कार्य गर्न पाउने अवस्था हो । पेशागत स्वतन्त्रताले प्रभाव र दवावको विरोध गर्दछ। यस अर्थमा पेशागत



स्वतन्त्रता सिमाविहिन उन्मुक्ति भने होइन। ऐन कानून नीति नियम भित्र रही पेशागत काम कर्तव्य निर्वाह गर्दा व्यक्तिगत र संस्थागत प्रभाव र दवाव बिना स्वतन्त्रतापूर्वक कार्य गर्न पाउनु नै व्यवसायिक स्वतन्त्रता हो।व्यवसायिक स्वतन्त्रता भित्र रही गरेको कार्यमा कानूनी र संस्थागत संरक्षणको सुनिश्चितता प्रदान गरिनु आवश्यक हुन्छ। यसले कार्यमा स्वतन्त्रता निश्पक्षता तठस्तता र पारदर्शिता ल्याउन मद्दत गर्दछ। पेशागत स्वतन्त्रताले खराब र गलत कामलाई संरक्षण प्रदान भने गर्दैन बरू यसले गलत र खराब कामलाई निरूसाहित र नियन्त्रण गर्दछ। व्यवसायिक व्यक्तिले विधमान कानून र संस्थागत नीति, मूल्य, मान्यता विपरित हुने गरी कार्य गरेको देखिएमा छानविन गरी दोषी पाइएमा विधमान कानून वमोजिमको कार्वाही गरी सजाय दिलाउने सुनिश्चितता प्रदान गर्ने भएकोले व्यवसायिक स्वतन्त्रता कानूनलाई सही रूपमा कार्यन्यन गरी संस्थागत साखलाई विधमान अवस्थाबाट उचो बनाई जनसेवा र जनविश्वासलाई बढावा दिने दिशामा मुखरित हुने गर्दछ।

सरकारी वकीलको व्यावसायिक विकासका लागि देहायका गुण आवश्यक पर्ने कुरा विश्वव्यापि रूपमा स्थापित हुदै आएको पाइन्छ।[1]

- विशिष्ट ज्ञान (Specialised Knowledge)
- कुशलता (Competencies)
- परिणाम माथि जोड (Focus on Outcomes)

[1] युवराज पाण्डे, सार्वजनिक प्रशासन र सार्वजनिक कार्यको व्यवस्थापन, विद्यार्थी पुस्तक भण्डार काठमाडौं २०६१, पृष्ठ ३०७

- कार्यसंग सम्बन्धित नैतिक मानकहरू (Work Related Ethical Norms)
- आत्म नियन्त्रण (Self Regulation)
- जनताको विश्वास (Public Trust)
- कार्य स्वतन्त्रता (Autonomy intheir Activities)

कानून व्यवसाय शब्दबाटै व्यावसायिक सेवा एवं पेशा भएको तथ्य आफैमा प्रष्ट रहेको छ। सरकारी वकील नेपाल सरकारको कानूनी सल्लाहकार हुनुको साथै नेपाल सरकारवादी हुने मुद्दाको अनुसन्धान अभियोजन मुद्दा चल्ने नचल्ने निर्णय एवं नेपाल सरकारको हक हित वा सरोकारमा प्रतिरक्षा गर्ने कार्य गर्दछ, जुन कार्य पूर्ण रूपमा व्यावसायिक कार्य हो। विशेष प्रकृतिको ज्ञान सीप र तालिम र उच्चस्तरको शिक्षाको खाँचो पर्ने खालको पेशालाई व्यावसायिकभनिने र सरकारी वकीलले सम्पादन गर्ने कार्य पनि सोही प्रकृतिको भएकोले सरकारी वकीललाई व्यावसायिक पद मानिन्छ ।

विषयवस्तुको विज्ञताले मात्र पनि कुनै व्यक्तिको व्यवसाय पूर्णरुपमा सफल हुन सक्तैन, व्यावसायमा सफलता प्राप्त गर्नका लागि संस्थागत एंव कानूनी कार्य वातावरणको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ। यसका लागि व्यवसाय संचालन गर्ने कार्य स्वतन्त्रा पनि कानुनी रुपमा प्रत्याभूत (Guarantee) गरिएको हुनुपर्दछ । व्यवसायीले आफ्नो व्यवसाय संचालन गर्दा स्वतन्त्र रुपले आफ्नो ज्ञान, सीप,क्षमता र विवेकलाई प्रयोग गर्न पाउने वातावरण अपरिहार्य हुन्छ । सरकारी वकीलले आफ्नो पेशाको मर्यादा भित्र रही



कानूनले तोकेको सीमाभित्र रही स्वतन्त्र रुपमा आफ्नो काम कर्तव्य र अधिकार निर्वाध रुपमा संचालन गर्न पाउने वातावरणको श्रृजना हुनुका साथै सामर्थ्यता राख्नु पर्दछ । सरकारी वकीलले आफ्नो जिम्मेवारी र कर्तव्य निर्वाध एंव स्वतन्त्र ढङ्गले संचालन गर्न पाउनु पर्दछ भन्ने कुरामा कसैको विमती हुन सक्तैन तर त्यसलाई व्यवहारमा लागू गरी मुर्तता प्रदान गर्न निकै चुनौतीपूर्ण रहेको छ। कार्यसम्पादनको सिलसिलामा कतिपय अवस्थामा राजनीतिक व्यक्ति र उच्च पदस्थ प्रशासनिक अधिकारीहरुबाट समेत यदाकदा सरकारी वकीलहरुलाई दवाव श्रृजना गरी इच्छा अनुकुलको काम गर्न लगाउने वा गरिएको काममा कमी कमजोरी देखाई कारवाही गर्न खोजी सरकारी वकीलको कार्य स्वतन्त्रता प्रति प्रहार गरी मनोवललाई गिराउने प्रयत्न नभएका भने होइनन ।

सरकारी वकीलले को को व्यक्ति उपर मुद्दा चलाउने वा को कसलाई नचलाउने कुन मुद्दामा पुनरावेदन गर्ने, कुन मुद्दामा पुनरावेदन नगर्ने मुद्दा दोहोराउने निवेदन गर्ने नगर्ने भन्ने जस्ता जिम्मेवारी पूर्णतः स्वतन्त्रतापूर्वक गर्न सक्ने वातावरण हुन जरुरी छ। यस्तो वातावरण श्रृजना गर्न सरकारी वकीलका लागि छुट्टै सेवाशर्त सम्वन्धि कानून निर्माण हुन जरुरी देखिन्छ । जसले सरकारी वकीलको सेवालाई र यसमा कार्यरत सरकारी वकीललाईकानूनको सिमा र अधिनमा रही विना दबाव , प्रभाव आफ्नो जिम्मेवारी स्वतन्त्रपूर्वक निर्वाह गर्न दिन सकोस ।

सरकारी वकील कार्यालयहरुले राज्यको तर्फवाट सरकारवादी मुद्दाका साथै सरकारलाई सरोकार पर्ने मुद्दा र सरकार लाई विपक्षी वनाई दायर भएका मुद्दा मामिला र रिट क्षेत्रमा क्रमशः अभियोजन,

वहस पैरवी र प्रतिरक्षा गर्ने, कानुनी राय प्रदान गर्ने कार्य गरी पीडितलाई न्यायको अनुभूति दिलाउने, अपराधीलाई दण्ड दिलाई अपराधजन्य कार्य गर्नबाट रोकी समाजमा शान्ति र स्थिरता कायम गरी राज्यको विकासमामहत्वपूर्ण भूमिका निर्वाह गर्ने, सरकारी वकीलले आफ्नो ज्ञान, सीप, क्षमता र दक्षतामा अभिवृद्धि गर्नुका साथै तिनको प्रयोगमा प्रभावकारीता बृद्धि गर्न निम्न कुरा समेत सरकारी वकीलमा रहन आवश्यक देखिन्छ ।

१) **जनविश्वासः-** व्यवसाय संचालनमा रहेका पेशाकर्मीले आफ्नो व्यवसायलाई उच्कोटीका रुपमा संचालन गर्नका लागि जनविश्वास प्राप्त गर्नु जरुरी हुन्छ । व्यवसायमा जनविश्वास महत्वपूर्ण आधार भएकोले सरकारी वकीलले सक्षम र प्रखर व्यवसायिको भूमिकामा उतार्न जनविश्वास जरूरी हुन्छ ।

२) **जनहितको कामः-** सरकारी वकीलको सेवा जनताको सेवक भएकोले आफ्ना सम्पूर्ण काम कारवाहीहरु पारदर्शिपूर्णहुन, जनताले छिटो छरितो रुपमा सेवा प्राप्त गरुन, कानूनको बर्खिलाप नहोस भन्ने अभिलाषाका साथ जिम्मेवारी निर्वाह भएको देखिनु पर्दछ ।

३) **निष्पक्षताः-** आम जनसरोकारको चासोको रुपमा रहने सरकारवादी मुद्दा चलाउने नचलाउने, पुनरावेदन गर्ने नगर्ने, कार्य महत्वपूर्ण कार्य भएकोले गर्दा यस्ता कार्य गर्दा स्वतन्त्र एंव निष्पक्ष कार्य नै सराकारी वकीलको सुरक्षा कवच हुनुका साथै जनविश्वास जित्ने वलियो आधार पनि हो।

४) **प्रभावकारिताः-** सरकारी वकीलवाट सम्पादन हुने सबै प्रकारका कार्यहरु आफ्नो ज्ञान, सीप, क्षमता र दक्षता लाई



उपयोग गरी प्रभावकारी ढङ्गले सम्पन्न गर्न उद्धत रहनु पर्दछ। जसले गर्दा निजको काम परिणाममुखी हुने हुन्छ ।

सरकारी वकीलको पद जनसेवा गर्ने व्यावसायिक भएकोले निजले आफ्नो पदिय जिम्मेवारी वहन गर्दा अन्तराष्ट्रिय स्तरमा स्थापित व्यावसायिक जीवनका सात सिद्धान्त लाई आत्मसात गरी आफ्नो व्यवसाय संचालन गर्नु जरुरी छ।

- **स्वार्थहीनता (Selfishness)-** सेवा प्रदान गर्ने व्यवसायीले आफ्नो जिम्मेवारी र कर्तव्य निर्वाह गर्दा वा कुनै निर्णय गर्दा निस्वार्थ भावले गरेको हुनु पर्दछ ।
- **सदाचार (Integrity)-** व्यवसाय संचालन गर्ने व्यक्तिले आफ्नो व्यवसाय संचालन गर्ने क्रममा कसैको प्रभावमा नपरी उच्च नैतिक चरित्रका साथ सम्पादन गरी सदाचारपूर्ण ढङ्गले कार्य भएको विश्वासनियता प्रदान गर्नु पर्दछ ।
- **वस्तुपरकता (Objectivity)-**व्यावसायिक कामको मापन गर्ने महत्वपूर्ण तत्व वस्तुपरकता नै हो । सम्पादित काम वा निर्णय तथ्यपरक एंव वस्तुपरक ढङ्गले गरिएमा सो कार्यले अपेक्षित नतिजा प्राप्त हुन्छ नकि आत्मपरक ढङ्गले गरिएको काममा ।
- **जवाफदेहिता (Accountability)-** आफूद्धारा सम्पादित काम विधिसम्मत ढङ्गले संचालन भएको भनी आधार र कारण सहित जवाफ दिने कार्य नै जवाफदेहिता हो । हरेक व्यावसायिक व्यक्तिले आफ्नो कामको जवाफदेहिता लिन सक्नु पर्दछ।

- **खुल्लापन (Openness)-** सम्पादित काम सही र ठीक ढङ्गले सम्पादन भएको कुराको एकमात्र प्रमाण नै खुलापन हो । खुल्लापन नै निर्णय सही रुपमा भएको छ भनि मापन गर्ने कसी हो ।
- **इमानदारीता (Honesty)-** सम्पादन गरिने काम कारवाही इमानदारीपूर्वक गरीनु पर्दछ। इमानदारीता नै व्यावसायिक व्यक्तिको जनविश्वास प्राप्त गर्ने महत्वपूर्ण औजार हो। इमानदारीताले सम्पादित कामको विश्वसनियता बढाउँछ।
- **नेतृत्व (leadership)–** व्यावसायिक कार्य सम्पादनका क्रममा विभिन्न प्रकारका निर्णय गर्नु पर्ने अवस्था श्रृजना हुन्छन र निर्णयले नेतृत्व क्षमता विकास हुनुका साथै नेतृत्वको व्यावसायिकताको परिक्षण गर्न मद्दत पुग्दछ ।

OOO



# परिच्छेद-२

## २. संवैधानिक तथा कानूनी व्यवस्थाहरु

### २.१. संवैधानिक व्यवस्थाः-

नेपालको संविधानको धारा १५८ मा महान्यायधिवक्ता नेपाल सरकाको मुख्य कानुनी सल्लाहकार हुने, संवैधानिक एवं कानुनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकी दिएको अन्य अधिकारीलाई राय सल्लाह दिने अधिकारीहरुको रुपमा निजलाई जिम्मेवारी सुम्पिएको पाइन्छ ।

नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायधिवक्ता वा निजको मातहतका सरकारी वकीलवाट नेपाल सरकारको प्रतिनिधित्व गरिने संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपालका कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायधिवक्तालाई रहेको पाइन्छ । यसका साथै नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फवाट प्रतिरक्षा गर्ने गराउने, सर्वोच्च अदालतवाट प्रतिपादित कानुनी सिद्धान्तको कार्यान्वयन भए नभएको अनुगमन गर्ने र हिरासतमा रहेका व्यक्तिलाई निजको आफन्त वा कानुन व्यवसायीसँग भेट नदिएको वा निजलाई मानोवोचित व्यवहार नभएको भन्ने उजुरी पर्न आएमा छानविन गरी त्यसको उचित व्यवस्थापन गर्न सम्बन्धित अधिकारीलाई निर्देशन दिन सक्ने प्रावधान पनि संविधानमा रहेको पाइन्छ । यस अतिरिक्त आफ्नो कर्तव्य पालनाको सिलसिलामा जुनसुकै अड्डा अदालत वा पदाधिकारी समक्ष उपस्थित हुने सक्ने अधिकार समेत महान्यायधिवक्तालाई हुने, नेपाल सरकारको तर्फबाट दायर

भएको मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनुपर्ने समेत प्रावधान रहेको पाइन्छ । महान्यायाधिवक्तालाई नेपाल सरकार वादी भएको मुद्दा चलाउने नचलाउने कुराको निर्णय गर्ने अधिकार स्वतन्त्र ढङ्गले गर्न पाउने गरी संविधानले प्रत्याभूति गरेको पाइन्छ।

संविधानको धारा १६१ले सरकारी वकील र महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका सर्त सम्बन्धि व्यवस्था संघिय ऐन वमोजिम हुने प्रावधान रहेकोले सरकारी वकील र यस अन्तर्गत कार्यरत कर्मचारीहरूको सेवा, सर्त र पारिश्रमिक छुट्टै हुने गरी कानूनी व्यवस्था गर्न सकिने भएबाट कर्मचारीहरूले स्वतन्त्र ढङ्गले काम गर्ने वातावरण निर्माण गर्न मद्दत पुग्ने देखिन्छ।

संविधानको धारा १५४ वमोजिम नेपाल सरकारले संघीय न्याय सेवाको राजपत्रांकित पदमा नियुक्ति, सरुवा, वढुवा गर्दा अथवा न्याय सेवाको राजपत्रांकित पदमा वहाल रहेको कुनै कर्मचारीलाई विभागीय सजाय गर्दा न्याय सेवा आयोगको सिफारिस वमोजिम गर्नुपर्ने प्रावधान रहेको छ । यस प्रावधानले गर्दा न्याय सेवामा कार्यरत सरकारी वकील समेतका सवै कर्मचारीले कसैको डर त्रासमा नपरी कसैलाई कुनै मोलाहिजा नगरी प्रचलित कानुनले तोकेको जिम्मेवारी स्वतन्त्रपूर्वक निर्वाह गर्न सक्ने वातावरण रहेको पाइन्छ ।

## २.२. कानुनी व्यवस्थाः-

### (क) सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ :-

सरकारी वकीलले कार्य सम्पादनको सिलसिलामा सम्पादन गर्नु पर्ने महत्वपूर्ण कार्य मध्ये अपराधको अनुसन्धानमा निर्देशन दिई मुद्दालाई सहि दिशामा अगाडी बढाउने पनि हो। सरकारी



मुद्दा सम्बन्धी ऐन २०४९ को दफा ६ मा कुनै अपराध सम्बन्धमा प्रहरीले सूचना जानकारी पाएपछि सो अपराधका सम्बन्धमा अनुसन्धान अधिकृतल अनुसन्धान तहकिकात गर्ने कुरा खुलाई सम्बन्धित सरकारी वकील समक्ष प्रारम्भिक प्रतिवेदन पठाउनु पर्ने र त्यस्तो प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित सरकारी वकीलले अपराधको तहकिकातको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था रहेको छ ।

सोही ऐनको दफा ९ मा ऐनको अनुसूची १ को मुद्दाको अभियुक्त पक्राउ भइ आएपछि तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी वकील समक्ष वयान गराउनु पर्ने व्यवस्था रहेको छ । यस व्यवस्थाले सरकारी वकीलको अनुसन्धान तहकिकातमा कुनै खास संलग्नता नभए पनि अभियुक्तले वयान गर्दा एकातिर घटनाको सम्बन्धमा प्रहरीको त्रासवाट मुक्त भएर निर्भिकतापूर्वक आफ्नो कुरा भन्न सकोस भन्ने हो भने अर्कोतर्फ निजको वयानमा खुलाउनु पर्ने कुरा कानुनी दृष्टिकोणवाट हेरी आवश्यक कुरा वयान गराईने अवस्था होस भन्ने रहेको देखिन्छ। यसवाट सरकारी वकीलको व्यवसायिक ज्ञानको उपयोग गर्न खोजिएको र अनुसन्धानको अवस्था देखिनै निजलाई जिम्मेवार वनाउन खोजिएको पाइन्छ ।

त्यसैगरी ऐनको दफा १७ मा प्रहरीले मुद्दामा अनुसन्धान पुरा गरी आफ्नो रायसाथ सम्बन्धित सरकारी वकील समक्ष मुद्दाको सम्पूर्ण कागजात सहितको फाइल पठाउने र प्राप्त हुन आएका फाइल संलग्न कागजात हेरी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा सरकारी वकीलले थप सवुद प्रमाण संकलन गर्न वा कुनै व्यक्तिसँग सोधपुछ गर्न आवश्यक देखेमा त्यस्तो सवुद प्रमाण संकलन गरी पठाउन वा सोधपुछ गरी पठाउन सम्बन्धित प्रहरी

कर्मचारीलाई निर्देशन दिन सक्ने व्यवस्था छ । यसरी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्नुभन्दा अघि सरकारी वकीलले मुद्दाका आवश्यक सम्पूर्ण साक्षी प्रमाण संकलन गराउने र मुद्दालाई चाहिने सम्पूर्ण सवुद प्रमाणको यथेष्टता माथि विचार पुर्‍याईसवुद प्रमाणको आधारमा अपराध भएको देखिएमा संलग्न व्यक्तिहरु विरुद्ध मुद्दा चलाउने निर्णय गरी ऐनको दफा १८ वमोजिम सजायको दावी गर्न सक्ने र सवुद प्रमाणको अभाव भए मुद्दा नचलाउने निर्णय गर्न सक्ने व्यवस्था छ । मुद्दामा निर्णय गर्दा निजले निष्पक्षतापूर्वक आफ्नो ज्ञान सीप र क्षमताको प्रदर्शन गर्न सक्नुपर्ने हुन्छ । यही प्रकृतिको व्यवस्था ऐनको दफा २२ वमोजिम ऐनको अनुसुची २ मा उल्लेख भएका देवानी मुद्दाको जाँचवुझ र दायरीको जिम्मेवारी सरकारी वकीलमा रहेको पाइन्छ ।

ऐनको दफा २४ मा अनुसूची १ वा २ मा उल्लेख भएका मुद्दा र नेपाल सरकार वादी हुने कुनै ऐनले उल्लेख गरेका मुद्दामा पुनरावेदन वा पुनरावलोकन गर्नु पर्ने अवस्था आएमा सरकारी वकीलले नै गर्नुपर्ने उल्लेख रहेको पाइन्छ । ऐनको दफा ३१ मा अनुसूची १ वा २ मा उल्लेख भए वाहेकका नेपाल सरकारको तर्फवाट चलाइने अन्य मुद्दाका सम्बन्धमा अनुसन्धान गर्न तोकिएको अधिकृतले अनुसन्धान तहकिकातको कार्य पुरा गरी सरकारी वकील समक्ष फाइल कागजात मुद्दा चल्ने वा नचल्ने निर्णयार्थ पठाउने र सरकारी वकीलले पनि सवुद प्रमाण हेरी आवश्यक निर्णय लिन सक्ने व्यवस्था रहेको पाइन्छ । यसरी सरकारी वकीलले मुद्दा चल्ने वा नचल्ने आवश्यक निर्णय गर्ने देखि मुद्दा तह तह फैसला हुँदै जाने क्रममा एउटा व्यवसायिक व्यक्तिको रुपमा मुद्दासँग सम्बन्धित सम्पूर्ण कार्य सम्पन्न गर्नु पर्छ । यस क्रममा कंही कतैवाट निज प्रभावित र त्रसित हुन



नपरोस र स्वतन्त्र ढंगले निर्णय गर्न सक्ने र अवस्थाको सृजना हुन आवश्यक छ ।

(ख) **सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५:-**

सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५ को नियम ११ वमोजिम कुनै व्यक्तिलाई अनुसन्धान तहकिकातको लागि प्रहरी हिरासतमा राखिएको र अनुसन्धानबाट निजलाई सोपछि हिरासतमा राखीरहन आवश्यक छैन भन्ने अवस्था देखिन आएमा सो व्यक्तिलाई हिरासतवाट मुक्त गर्नुपर्ने कारण सहितको पर्चा खडा गरी प्रहरीले सम्बन्धित सरकारी वकीलको सहमतिको लागि लेखि पठाएमा प्राप्त कागजातको अध्ययनवाट त्यस्तो व्यक्तिलाई प्रहरी हिरासतमा राखी रहन आवश्यक नदेखिएमा सरकारी वकीलले पक्राउ व्यक्तिलाई हिरासत मुक्त गर्न सहमति दिई पठाउन सक्ने व्यवस्था रहेको देखिन्छ ।

त्यसै गरी मुद्दा चलाउने निर्णय भएका सरकार वादी हुने मुद्दा दायर गर्नु, सरकारी साक्षी, सवुद प्रमाण समयमा अदालतमा उपस्थित गराउनु, समयमा प्राप्त हुन नसकेको मुद्दाका सवुद प्रमाण फेला पर्नासाथ सरकारी वकीलले त्यस्ता सवुद प्रमाण तुरुन्त अदालतमा दाखिल गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ ।

नियम २२ मा सरकार वादी हुने मुद्दाको अनुसन्धान तहकिकात एवं अभियोजनमा संलग्न निकायहरुका विचमा आवश्यकता अनुसार समन्वय कायम गर्न महान्यायधिवक्ताको अध्यक्षतामा केन्द्रिय समन्वय समिति रहने केन्द्रिय समन्वय समितिको मिति २०७३/०९/०४ को निर्णय अनुसार उच्च सरकारी वकील कार्यालयमा सह-न्यायाधिवक्ताको र जिल्ला सरकारी वकील कार्यालयमा जिल्ला न्यायाधिवक्ताको अध्यक्षतामा समन्वय

समिति रहने व्यवस्थाले गर्दा समग्र मुलुक र जनता प्रति सरकारी वकीलको जिम्मेवारी र दायित्व ज्यादै ठूलो रहेको स्पष्ट हुन्छ ।

(ग) **सरकारी वकील सम्बन्धी नियमावली २०५५**

प्रस्तुत नियमावलीमा नेपाल सरकारलाई सरोकार पर्ने मुद्दाको परिभाषा, कार्यालयको स्थापना, आन्तरिक प्रशासन सन्चालनका नियम, सरकारी वकीलको काम कर्तव्य र अधिकारको विवेचना, पुनरावेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याउन दिइने निवेदनको कार्यविधिको विवेचना गर्दै मुद्दाको वहसको क्रममा सरकारी वकीलले आफ्ना तजविजले वहस गर्न सक्ने प्रावधानको उल्लेख गरिएको पाइन्छ । यस नियमावलीको नियम ३५ मा रहेको व्यवस्था भने एउटा व्यवसायीले स्वतन्त्रतापूर्वक आफ्नो कार्य सन्चालन गर्न पाउने व्यवस्था गरेको छ । "....सरकारी वकीलले व्यवसायिक आचरणको पालना गरी आफ्नो तजविज अनुसार मुद्दामा वहस गर्नेछ । सरकारी वकीलले सो वमोजिम वहस पैरवी गरेको कारणलाई मात्र आधार लिई निज उपर कुनै कारवाही गरिने वा गाली वेइज्जती मुद्दा चलाईने छैन" भनी उल्लेख रहेको पाइन्छ । कानुनको यस प्रावधानले सरकारी वकीललाई व्यवसायिक स्वतन्त्रता प्रदान गर्नुका साथै आफ्ना काम कारवाही स्वतन्त्र ढङ्गले सम्पादन गर्न पाउने प्रत्याभूति गरेको पाइन्छ । उक्त प्रावधानको अतिरिक्त नियमावलीको नियम ३७ ले सरकारी वकीललाई सीमित दायरामा रही कानुन व्यवसाय गर्न सक्ने अख्तियारी प्रदान गरेको छ ।

निजामति सेवा ऐन २०४९को दफा ५६ ले सेवाको सुरक्षा अन्तर्गत निजामती कर्मचारीलाई सफाईको मौका निदिई सेवाबाट हटाइने वा बर्खास्त नगरिने र दफा ५७ मा निजामती कर्मचारीको बचाउअन्तर्गत आफ्नो अहोदाको कर्तव्य पालन



गरी गरेको कुनै सरकारी कामको सन्दर्भमा अख्तियारवालाको अनुमति प्राप्त गरी वा नेपाल सरकारको अनुमति लिएर मात्र मुद्दा दायर हुने गरी सुरक्षा प्रदान गरेको छ। गललेखित कानूनका प्रावधानहरूले गरेका व्यवस्थाहरू ज्यादै पुराना र सिमित विषयमा मात्र केन्द्रित रहेकोले वर्तमान समयलाई संवोधन गर्न नसक्ने देखिन्छ। सरकारी वकीलहरूले दिनानुदिन बढ्दो रूपमा खतराको सामना गरिरहनु परेको सन्दर्भलाई संवोधन गर्न असल नियतले गरेको काममा कानूनी र संस्थागत सुरक्षा प्रदान गरिने किसिमको कानून र नीतिको निर्माण गरी सरकारी वकील सेवाको व्यवसायिक स्वतन्त्रता सुरक्षित गर्नुपर्ने जरूरी भैसकेको छ।

❍❍❍

## परिच्छेद-३

### ३. सरकारी वकीलसम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानहरू

सरकारी वकीलको नियुक्ति, सेवा, शर्त, सुविधार व्यावसायिक उन्मुक्ति जस्ता व्यावसायिक स्वतन्त्रताका विषयमा अन्तर्राष्ट्रिय स्तरमा रहेका केही महत्त्वपूर्ण व्यवस्थाहरू यसप्रकार रहेका छन् :

### ३.१.अभियोजनकर्ताको भूमिकासम्बन्धी मार्गदर्शन (Guidelines on the Role of Prosecutors:, 1990)

अभियोजनकर्ताको भूमिकासम्बन्धी मार्गदर्शन क्युवाको हवानामा १९९० अगष्ट २७ देखि सेप्टेम्बर ७ सम्म सम्पन्न भई अपराधको रोकथाम तथा कसुरदार उपरको व्यवहारसम्बन्धी आठौं राष्ट्रसङ्घीय काग्रेसद्वारा जारी गरिएको हो। प्रस्तुत मार्गदर्शनले अभियोजनकर्तालाई न्याय प्रशासनको अत्यावश्यकव्यक्तिका रूपमा स्वीकार गरेको पाइन्छ।यो मार्गदर्शनले अभियोजनकर्ताहरूको योग्यता, छनौट र तालिम, सेवाको हैसियत र शर्त, अभिव्यक्ति र सङ्गठन स्वतन्त्रता, फौजदारी कारबाही प्रक्रियामा अभियोजनकर्ताको भूमिका जस्ता गहनतम विषयमा व्यापक मार्गदर्शन गरेको छ। यसले गरेका महत्वपूर्ण व्यवस्थाहरू देहाय वमोजिम रहेका छन्।

- अभियोजनकर्ताहरू स्वतन्त्र र निष्पक्ष निकायद्वारा नियुक्ति हुनुपर्ने,
- सेवाका शर्तहरू उच्च हैसियतलाई सम्बोधन हुने गरी व्यवस्था गर्नुपर्ने र मर्का पर्ने गरी नघटाइने,
- व्यक्तिगत र संस्थागत स्वतन्त्रता हुनुपर्ने,
- अभिव्यक्ति र सङ्गठनको स्वतन्त्रता हुनुपर्ने,



- फौजदारी कारबाहीमा स्वविवेकीय अधिकार हुनुपर्ने,
- अभियोजनको वैकल्पिक उपायसमेत राखिनु पर्ने,
- अभियोजनकर्तालाई सबै प्रकारका धम्की, अवरोध, हैरानी, अनुचित हस्तक्षेपमुक्त व्यावसायिक कार्य र दायित्व सम्पादनको प्रत्याभूति
- अभियोजनकर्ता र निजको पारिवारका सदस्यको भौतिक सुरक्षा, पर्याप्त पारिश्रमिक
- कार्यकाल, निवृतिभरण तथा अवकाशको उमेरको कानूनद्धारा सुनिश्चितता
- नियुक्ति, सरूवा, बढुवा गर्दा मापदण्डका आधारमा व्यावसायिक योग्यता, सक्षमता इमानदारी र अनुभव जस्ता कुराका आधारमा हुनुपर्ने।

### ३.२.अभियोजनकर्ताको व्यावसायिक अधिकार र जिम्मेवारी IAP सम्बन्धी मापदण्ड १९९९ (The IAP Standards of Professional Responsibility and Statement of the Essential Duties and Rights of Prosecutors, 1999)

यो सङ्गठनको स्थापना सन् १९९५ मा भएको हो ।सङ्गठनले अभियोजनकर्ताको व्यावसायिक अधिकार र जिम्मेवारीसम्बन्धी मापदण्ड सन् १९९९ मा जारीगरेको थियो। अपराध विरुद्ध स्वतन्त्रतापूर्वक र उपयुक्त किसिमले अभियोजन गर्न आवश्यक अन्तर्राष्ट्रिय रूपमा स्वीकार गरिएका मान्यताहरूलाई संहिताकरण गरी यो मापदण्डको निर्माण गरिएको हो।प्रस्तुत मापदण्डमा अभियोजनकर्ताका व्यावसायिक आचरण, व्यावसायिक स्वतन्त्रता, निष्पक्षता र फौजदारी कारबाहीमा भूमिका, अन्य निकायहरूसँगको

सम्बन्ध र समन्वय तथा सरकारी वकीलको नियुक्ति, सेवाको सुरक्षा र उनीहरूलाई सशक्त बनाउने जस्ता विषयमा केन्दीत रहेका छन्। यसमा समावेश भएका महत्त्वपूर्ण व्यवस्थाहरू निम्न वमोजिम रहेका छन् :

**सरकारी वकीलको छनौट र योग्यता सम्बन्धमा**

अभियोजनकर्ताका रूपमा छनौट हुने व्यक्तिहरू उचित तालिम र योग्यता प्राप्त, निष्ठावान् र क्षमतायुक्त व्यक्ति हुनुपर्ने, नियुक्तिमा जाति, वर्ण, लिङ्ग, जातीय उत्पत्ति, धर्म, राजनीतिक वा अन्य अभिमत, राष्ट्रियता वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म, आर्थिक वा अन्य हैसियतका आधारमा कोही कसैलाई पनि पक्षपात गर्न नपाइने। राज्यले अभियोजनकर्तालाई उचित शिक्षा र तालिम तथा उनीहरूको पदिय सेवाको आदर्श, आचरणगत कर्तव्य, अभियुक्त र पीडितका अधिकारको संवैधानिक तथा कानूनी संरक्षण र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनद्धारा मान्यता प्राप्त मानव अधिकार तथा मौलिक स्वतन्त्रताका बारेमा सचेत गर्ने व्यवस्था मिलाउनु पर्ने, भर्ना र बढुवा वस्तुनिष्ठ र व्यवसायिक योग्यताका आधारमा निष्पक्ष र स्वच्छ कार्यविधिका आधारमा हुनुपर्ने।

**सेवाको शर्तसम्बन्धमा**

- अभियोजनकर्ताले कुनै डरत्रास, बाधा व्यवधान, हैरानी, अनुचित हस्तक्षेप वा देवानी, दण्डपूर्ण वा अन्य दायित्वको अनुपयुक्त भोगाइ बिना व्यावसायिक कार्य गर्नमा योग्य हुनेगरी राज्यलेव्यवस्था गर्नुपर्ने
- अभियोजनकर्ता र तिनका परिवारको भौतिक संरक्षण हुनुपर्ने,



- अभियोजनकर्ताको मुनासिव सेवाशर्त, पारिश्रमिककानूनद्वारा निर्धारित हुनुपर्ने,
- पदावधि, निवृत्तिभरण र सेवानिवृत्त हुने उमेर समेत कानूनद्वारा व्यवस्थित गरिनुपर्ने,
- व्यावसायिक योग्यता, क्षमता, निष्ठा र अनुभव जस्ता वस्तुगत तत्त्वमा आधारित र स्वच्छ एवं निष्पक्ष विधि अनुसार पदोन्नती प्रणाली लागू गर्नुपर्ने।

**फौजदारी कारबाही प्रक्रियामा अभियोजनकर्ताको भूमिका**

- अभियोजनकर्ताले फौजदारी न्याय प्रणालीको सुचारु सञ्चालन र उचित प्रक्रियालाई सुनिश्चित गर्न टेवा पुग्ने गरी कानून बमोजिम आफ्नो कर्तव्यको स्वच्छता, इमान्दारिता साथ पालना गर्नुपर्ने
- मानव अधिकारको परिपालना गर्नु पर्ने तथा आफ्ना कार्य निष्पक्षतापूर्वक सम्पादन गर्नु पर्ने
- सबै राजनीतिक समाजिक, धार्मिक, जातीय, सांस्कृतिक, लैङ्गिक वा अन्य कुनै किसिमको भेदभाव गर्न नहुने,
- सार्वजनिक हितको रक्षा गर्नु पर्ने,
- वस्तुगत कार्यपद्धति अवलम्बन गर्नुपर्ने,
- शंकितका निम्ति अनुकूल वा प्रतिकूल जेसुकै हुने भए तापनि सान्दर्भिक सबै परिस्थितिप्रति ध्यान दिनु पर्ने,
- पीडितका व्यक्तिगत हितमा असर पर्ने कुनै कुरा भएमा त्यसमा उनीहरूको दृष्टिकोण र सरोकार उपर विचार पुऱ्याउनु पर्ने

- पीडितका लागि न्याय सम्बन्धी आधारभूत सिद्धान्तको घोषणा पत्र अनुसारका अधिकारबारे पीडितहरू सुसूचित रहेको कुरा निश्चित पार्नुपर्ने।

**अनुशासनसम्बन्धी कारबाही प्रक्रिया र सेवाको सुरक्षा सम्बन्धमा**

- अभियोजनकर्ताको अनुशासनसम्बन्धी कसूर कानूनद्वारा निर्धारित हुनुपर्ने,
- अभियोजनकर्ताले पेशागत मापदण्डको दायरा नाघी काम गरेको भन्ने आरोपको हकमा उपयुक्त कार्यविधि अन्तर्गत तदारुखता र स्वच्छतापूर्वक कारबाही चलाइनु पर्ने र निजलाई स्वच्छ सुनुवाइको हक हुनुपर्ने,
- त्यस्तोनिर्णय स्वतन्त्र पुनरावलोकनको विषय हुनुपर्ने
- अभियोजनकर्ता विरुद्धको अनुशासनसम्बन्धी कारबाही प्रक्रियामा वस्तुनिष्ठ मूल्याङ्कन र स्वच्छ एवं निष्पक्ष निर्णयको प्रत्याभूति गर्नु पर्ने।

### ३.३.युरोपेली परिषद्को मन्त्रीस्तरीय समितिका सदस्य राष्ट्रहरूलाई अभियोजनकर्ताको फौजदारी न्याय प्रणाली सम्बन्धमा दिइएको सुझाव (Council of Europe Committee of Ministers Recommendation, 2000)

युरोपेली परिषद्को मन्त्रीस्तरीय समितिका सदस्य राष्ट्रहरूलाई अभियोजनकर्ताको फौजदारी न्याय प्रणाली सम्बन्धमा दिइएको सुझावलाई युरोपेली परिषद्को मन्त्रीस्तरीय समितिको बैठकले ६अक्टोबर २००० मा स्वीकार गरेको पाइन्छ। फौजदारी न्याय प्रणालीमा सरकारी वकील (Public Prosecutor) को महत्त्वपूर्ण



भूमिका हुने तथ्यलाई आत्मसात् गर्दै सरकारी वकीलको परिभाषा, कार्य, उनीहरूले स्वतन्त्रतापूर्वक कार्य गर्न पाउने आवश्यक वातावरणको सुनिश्चितता, सरकारी वकील र अन्य निकायबीचको सम्बन्ध र समन्वय, अन्तर्राष्ट्रिय सम्बन्ध जस्ता विषयमा यस सुझावमा मापदण्डहरू व्यवस्थित गरिएको पाइन्छ।

### ३.४.फार्क्वार्सन निर्देशिकाः सरकारी वकीलको भूमिका र जिम्मेवारीहरू (The Farquharson Guidelines: The Role and Responsibilities of the Prosecution Advocate, 2002)

बेलायतको सरकारी अभियोजन प्रणालीमा देखिएका समस्याहरू पहिचान गरी तिनको निराकरण गर्नका लागि त्यहाँको सरकारले कानूनविद् फार्क्वार्सन एल.जे.को अध्यक्षतामा सन् १९८६ मा एक उच्चस्तरीय समिति गठन गरेको थियो। उक्त समिति १५ वर्षसम्म (अर्थात सन् २०००) सम्म क्रियाशील रही यसले फौजदारी न्याय प्रणाली र सोभित्र पनि सरकारी अभियोजनको पाटोमा कैयौं सुझावहरू दिएको थियो। यसले दिएका अधिकांश सुझावहरू लागू गरी बेलायती न्याय प्रणाली र यसलाई अवलम्बन गर्ने देशहरूमा अझै त्रुटिरहित र सबलीकृत बनाउन खोजिएको छ। फार्क्वार्सन समितिले सरकारी वकील वा अभियोजकका सम्बन्धमा गरेका मुख्य सिफारिसहरू देहाय बमोजिम रहेका छन् :

- राजकीय अभियोजन सेवा (Crown Prosecution Service) बाट आफूलाई प्राप्त निर्देशनहरू अध्ययन गरी मुद्दा थाल्नुपूर्व मुद्दाका सबै पक्षसँग परामर्श गर्ने।

- यदि सरकारी वकीलले कुनै कारणवश आफैले मुद्दा चलाउन नसक्ने अवस्था परेमा निर्देशन पाएको ५ दिनभित्र राजकीय अभियोजन सेवालाई जानकारी गराउने।
- राजकीय अभियोजन सेवाले मुद्दाको सारांश तयार गरेकामा सरकारी वकीलले सोको अध्ययन गरी त्यसमा सहमति जनाउने वा संशोधन प्रस्ताव गर्ने। मुद्दा व्यवस्थापन योजना (Case Management Plan) प्राप्त गरेको ७ दिनभित्र सरकारी वकीलले मुद्दाका तथ्यहरू गहन र अभियोजन गर्न लायकका छन् वा छैनन् निक्यौंल गरी योजनामा सहमति जनाउने वा सुझाव पेस गर्ने।
- मुद्दाको दायरी र नतिजामा फरक पार्ने खालका कुनै तथ्य फेला परेकामा राजकीय अभियोजन सेवाले सोको जानकारी तुरुन्त सरकारी वकीललाई दिने।
- यदि बचाउ पक्षले सरकारी वकीललाई कुनै मुद्दा विशेषमा प्रमाण पेस गर्नु उपयुक्त नरहेको जानकारी गराइएमा सोउपर विमर्श र निर्णय गर्ने।
- यदि जनहित (Public Interest) को दृष्टिमा कुनै मुद्दा चलाउने वा नचलाउने निर्णय गर्नु पर्ने भएमा मुद्दा नचलेका कारणबाट पीडितलाई पर्नसक्ने प्रभावलाई विचार गरी सो सम्बन्धमा पीडित वा निजको परिवारको धारणा बुझ्ने।
- यदि मुद्दाको सुनुवाइका क्रममा नीतिगत कुराहरू उठ्नसक्ने भएमा सरकारी वकीलले राजकीय अभियोजन सेवालाई अग्रिम जानकारी गराउनुपर्ने।



- राजकीय अभियोजन सेवासँग परामर्श नगरिकन सरकारी वकीलले आफैलाई पछि विबन्धन लाग्ने कुराहरू गर्नु गराउनु हुँदैन।
- मुद्दाको सञ्चालनका क्रममा अदालतमा उठ्ने कुनै पनि विषय प्रस्ट पार्नका लागि एक अनुभवी सरकारी वकील अदालतमा उपस्थित रहिरहने।
- यदि अपवादजन्य परिस्थितिहरूमा सरकारी वकीलले न्यायाधीशलाई भेटेर कुनै कुराको सल्लाह गर्नुपरेमा राजकीयअभियोजन सेवाको पूर्वस्वीकृति लिनुपर्नेछ।
- यदि न्यायाधीशले प्रमाण वा जनहितमा आधारित भई कुनै विचार व्यक्त गर्दछ भने राजकीय अभियोजन सेवाले उक्त मुद्दाको पुनःसमीक्षा गर्ने छ।
- यदि न्यायाधीशले कुनै मुद्दाका सन्दर्भमा फरक मत व्यक्त गरेमा सरकारी वकीलले राजकीय अभियोजन सेवासँग सम्पर्क गरी आगामी कदमका बारेमा सहमति जुटाउनेछ।
- यदि कुनै मुद्दामा सरकारी वकीलको सुझाव मान्दा गम्भीर अन्याय हुन्छ भन्ने न्यायाधीशलाई लागेमा सरकारी वकीलले राजकीय अभियोजन सेवाका निर्देशक वा महान्यायाधिवक्तासँग परामर्श नगर्दासम्म मुद्दा दर्ता गर्न रोक्न सक्ने छ।

### ३.५.युरोपका महाअभियोजकहरूको सम्मेलनबाट पारित बुडापेष्ट निर्देशिका,२००५ (The Budapest Guidelines adopted by the Conference of Prosecutors General of Europe, 2005)

हङ्गेरीको राजधानी बुडापेस्टमा २९ देखि ३१ मई, २००५ सम्म सम्पन्न युरोपकामहाभियोजकहरू (Prosecutors General) को सम्मेलनले सरकारी वकीलहरू (Public Prosecutors) को आचार र व्यवहारका बारेमा जारी गरेको निर्देशिकालाई Budapest Guidelines २००५ भनिन्छ।युरोपेली परिषद्द्वारा आयोजित उक्त सम्मेलनबाट पारित उक्त निर्देशिकालाई सरकारी वकीलहरूको पेशागत आचरण र व्यावसायिकताका लागि विश्वका अन्य मुलुकहरूमा समेत मार्गदर्शनका रूपमा लिने गरिएको छ। यस निर्देशिकामा सरकारी वकीलहरूको व्यावसायिक आचरण र निजहरूको निजी आचरणका सम्बन्धमा नै केन्द्रित रहेको पाइन्छ जुन निम्न वमोजिम छन् :

**(क) सरकारी वकीलहरूको सामान्य व्यावसायिक आचरण**

सरकारी वकीलहरू सदैव उच्चतम पेशागत मापदण्डहरूमा अडिग रही देहायका कार्यहरू गर्ने छन् :

- सदैव आफ्नो पेशाको सम्मान र मर्यादा कायम राख्ने।
- आफूलाई जहिले पनि व्यावसायिक रूपमा प्रस्तुत गर्ने।
- इमानदारी र होशियारीका उच्चतम मानकहरू सदैव अभ्यास गर्ने।
- कुनै पनि अनुचित प्रभावबाट मुक्त रही कानूनबमोजिम आफ्नो कार्यसम्पादन गर्ने।



- सान्दर्भिक कानुनी र सामाजिक विकासक्रमसँग आफूलाई सदैव अद्यावधिक गरिराख्ने।
- आफूलाई निष्पक्ष र एकनासको बनाउन एवं देखाउनका लागि समेत प्रयासरत रहने।
- भय, मोलाहिजा वा पूर्वाग्रहबाट मुक्त रही स्वच्छ कार्यसम्पादन गर्ने।
- निजी र गुटगत हित एवं सार्वजनिक र मिडियाको दबाबबाट मुक्त रहने।
- कानूनको अगाडि सबै व्यक्तिहरू समान रहने अधिकारको सम्मान गर्दै कुनै पनि व्यक्तिउपर लिङ्ग, वर्ण, भाषा, धर्म, राजनीतिक वा अन्य आस्था, यौनिक झुकाव, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अल्पसङ्ख्यक, जन्म, स्वास्थ्य, विकलाङ्गता वा अन्य कुनै पनि हैसियतका आधारमा विभेद नगर्ने।
- व्यावसायिक हैसियतमा आफूले भेट्ने व्यक्तिहरूका विचार, जायज स्वार्थ, गोपनीयता र सम्भाव्य चासोहरूलाई मनन् गर्ने।
- आफूले सक्दासम्म व्यक्तिहरूका आफ्नो अधिकार र कानुनी अवस्थाका बारेमा सुसूचित छन् भन्ने कुरा सुनिश्चित गर्ने।
- अदालत, प्रहरी, अन्य सार्वजनिक निकाय र न्याय क्षेत्रका अन्य सदस्यहरूप्रतिको कर्तव्यसमेत सम्मानसूचक रूपमा निर्वाह गर्ने।

- अन्य मुलुकका सरकारी वकील एवं निकायहरू समेतलाई कानूनबमोजिम सहायता गर्ने ताकि अन्तर्राष्ट्रिय सहयोगलाई यथासम्भव माथिल्लो हदसम्मै बढाउने।
- सरकारी वकीलको व्यक्तिगत वा आर्थिक स्वार्थ वा निजको पारिवारिक, सामाजिक वा अन्य सम्बन्धहरूले निजको पेशागत हैसियतमा गर्ने कार्यलाई अनुचित प्रभाव पार्न नदिने।

**(ख) सरकारी वकीलहरूको निजी आचरण**

- आफ्नो निजी जीवनका क्रियाकलापहरूले सरकारी वकील सेवाको इमानदारीता, स्वच्छता र निष्पक्षतामा सम्झौता गर्ने खालका कार्यहरू सरकारी वकीलहरूले गर्ननहुने,
- सरकारी वकीलहरूले कानूनलाई सम्मानसहित सदैव परिपालना गर्नुपर्ने,
- आफ्नो पेशाप्रति जनआस्था बढाउने र कायम राख्ने किसिमले सरकारी वकीलहरू प्रस्तुत हुनुपर्ने,
- आफ्ना वा अरूका निजी स्वार्थहरू अनुचित तरिकाले सिद्ध गर्ने किसिमले सरकारी वकीलहरूले कार्यसम्पादनका सिलसिलामा आफूलाई जानकारी हुन आएका सूचनाहरूको उपयोग गर्न नहुने,
- आफ्नो इमानदारी, स्वच्छता र निष्पक्षतामा सम्झौता हुने गरी सरकारी वकीलहरूले कुनै उपहार, नजराना, लाभ वा आतिथ्य स्वीकार गर्न वा अन्य त्यस्तैखालका कार्यहरू गर्न नहुने।

❍❍❍



## परिच्छेद -४

### ४. अन्य मुलुकहरूले अवलम्बन गरेको अभ्यास

व्यावसायिकताको दृष्टिले सरकारी वकीलले सम्पादन गर्ने कार्य अन्य कुनै पनि पेशा, सेवाभन्दा फरक रहेकाले नै विश्वव्यापी रूपमा सरकारी वकीलको सेवा, पेशालाई अति सम्मानित रूपमा महत्त्वका साथ हेरिने गरेको पाइएको छ। ती मुलुकले अवलम्वन गरेको पद्धतीलाई छोटकरीमा निम्न वमोजिम विवेचना गरिएको छ :

**४.१.बेलायतः-**

सन् २००० को दशकका सुरुवाती वर्षहरूमा बेलायती अभियोजकहरूले ऐतिहासिक अधिकार प्राप्त गरे। उनीहरूलाई व्यक्तिमाथि अनुसन्धान गराउने, साक्षी र अभियुक्तहरूलाई उन्मुक्ति दिने र प्रतिवादीसँग अभियोगमा सौदाबाजी गर्न पाउने अधिकारको व्यवस्था गरियो। सो अघि नै बेलायतको न्याय प्रशासनमा स्वतन्त्र र व्यावसायिक अभियोजकको परिकल्पना गरिएको पाइन्छ। बेलायतमा १ अक्टोबर, १९८६ मा राजकीय अभियोजन सेवाको गठन गरिँदा निम्न उद्देश्य तोकिएका थिए, जुन अद्यपि बहाल छन्

- आफैले प्रहरीबाट स्वतन्त्र रहने र देखिने।
- आफैले निर्णय प्रक्रियाको सामान्य गुणस्तर उच्च तहको रहेको र अनुचित प्रभावका आधारमा निर्णय नगरिने सुनिश्चितता गर्ने।
- आफैले स्थानीय परिवेशका आधारमा लचकतासमेत अपनाउने।
- आफैले जनहितमा रहेरमात्र अभियोजनमा अघि बढ्ने।

- आफैले मुद्दामा लगनशील भई अविलम्ब सक्रिय हुने।
- अभियोजन कार्य प्रभावकारी, दक्षतापूर्वक र मितव्ययी ढङ्गले सम्पादन गर्ने।
- समग्र फौजदारी न्याय प्रणालीकै कार्य सम्पादनमा सुधार ल्याउने।
- बेलायतको राजकीय अभियोजन सेवाको संहिता, १९९० बमोजिम अभियोजन गर्ने नगर्ने २ वटा निर्णयाधार रहेका छन् :

**(क) प्रमाणले खामे नखामेको (Evidential Test)**

(ख) उक्त मुद्दा चलाउनु सार्वजनिक हितमा (Public Interest Test) छ वा छैन परीक्षण गर्ने।

सोपछि बनेका फौजदारी कानूनहरूले पनि बेलायतमा सरकारी वकीलहरूलाई माथिल्लो वरियता दिँदै व्यावसायिकताको विकासमा टेवापुऱ्याएका छन्।

### ४.२. संयुक्त राज्य अमेरिका

अमेरिकामा सङ्घीय देवानी कानून बमोजिम सरकारी वकीलहरूलाई २ किसिमका उन्मुक्तिहरू प्रदान गरिएको पाइन्छः निरपेक्ष उन्मुक्ति र सशर्त उन्मुक्ति । निरपेक्ष उन्मुक्ति सरकारी वकीलहरूले (१) कुनै मुद्दा विशेषमा सरकारको तर्फबाट बहस पैरवी गर्दा प्राप्त हुन्छ। यहाँसम्म कि बहस गर्दा सरकारी वकीलले दुराशय राखेर बोलेको तथ्य जाहेरवालाले पुष्टि गर्दासमेत सरकारी वकीललाई कुनै पनि दायित्वबहन गर्नु नपर्ने गरी निरपेक्ष उन्मुक्ति रहन्छ।(२) सशर्त उन्मुक्ति अन्तर्गत निजहरूले अनुसन्धानकर्मी वा प्रशासक भएर काम गर्दा लागू



हुन्छ। यदि कुनै सरकारी वकीलले कुनै कार्य गरी निजलाई थाहा हुनु पर्ने कानूनको जानाजान उल्लङ्घन गरेको पुष्टि भएमा निज दायित्वभागी हुन सक्छ।

### ४.३. जापान

जापानमा सरकारी वकीलको योग्यता र नियुक्तिका शर्तहरू न्यायाधीशसरह रहेको। सरकारी वकीलको हैसियत, योग्यता र तलब सुविधा न्यायाधीश सरह हुने व्यवस्था रहेको छ। सरकारी वकीलले स्वतन्त्र र स्वच्छ रूपमा काम गर्न सकुन् भनी न्यायाधीशसरह नियुक्ति र सुविधाको व्यवस्था गरिएको देखिन्छ। यस प्रावधानले सरकारी वकीलको पेशा र प्रतिष्ठालाई न्यायाधीश सरह सम्मानजनक बनाउनुका साथै दक्ष एवं निपूर्ण सरकारी वकीललाई सेवा टिकाइ राख्न मद्दत गरेको छ। जापानमा प्रहरीमा दर्ता भएका ५०% मुद्दा मात्र अदालतमा लगिन्छ। प्रमाणद्धारा पुष्टि नहुने दाबी थप अनुसन्धानका लागि फिर्ता गरिन्छ। सानातिना मुद्दा सरकारी वकीलबाट टुङ्गिने भएकोले गर्दा ९९% मुद्दामा सफलता प्राप्त हुने गर्दछ।

### ४.४. कोरिया

कोरियामा समेत जापानमा जस्तै सरकारी वकीलको पदलाई न्यायाधीशको समकक्षी बनाइएको छ। महाभियोग लागेको, कैदयोग्य अपराधमा कसुरदार ठहरिएको वा सम्बद्ध ऐन नियमबमोजिम अनुशासनात्मक कारबाही भएका अवस्थामा बाहेक सरकारी वकीललाई बर्खास्त गरिने, अधिकारको प्रयोग गर्नबाट रोकिने वा पारिश्रमिकमा कटौती गरिने छैन भन्ने पेशागत प्रत्याभूति

कानूनमै व्यवस्था गरिएको छ। यसरी कोरियामा सरकारी वकीललाई न्यायाधीशको समानान्तर हैसियतमा राखिएकोछ। साथै सरकारी वकीलको सेवा शर्तको सुरक्षामा पनि उच्च सतर्कता अपनाइएको पाइन्छ।

**४.५. नामिबिया**

सन् १९९० अघि नामिबिया दक्षिण अफ्रिकाको उपनिवेशमा भएपनि १९९० मा स्वतन्त्र भएपछि बनेको संविधानमा महान्यायाधिवक्ता (Attorney General) र महाअभियोजन (Prosecutor General) दुवैको व्यवस्था गरी सरकारवादी मुद्दामामिलाको काम तिनीहरूकै जिम्मामा राखिएको छ। महान्यायाधिवक्ताले नामीबियाको संविधानको संरक्षण गर्ने, राष्ट्रपति एवं सरकारको मुख्य कानुनी सल्लाहकारका रूपमा कार्य गर्दछन् र निजकोराजनीतिक रूपमा नियुक्ति हुने गर्दछ । महाअभियोजकको नियुक्ति भने राष्ट्रपतिबाट न्याय सेवा आयोगको सिफारिसमा न्याय क्षेत्रका कर्मचारीहरू (Cadre) मध्येबाट गरिने व्यवस्था छ।

**४.६. अस्ट्रेलिया**

सरकारी वकीलहरूको पेशागत स्वतन्त्रता र व्यावसायिकताका सन्दर्भमा अस्ट्रेलिया र बेलायतका कानूनी व्यवस्थाहरू मिल्दाजुल्दा देखिन्छन्। सन् १९८३ देखि अस्ट्रेलियाभर लागू हुने एउटै Director of Public Prosecutions Act लागू भएको छ। सो कानून अनुसार अभियोजकहरूको कार्यालय सरकार वा राजनीतिक प्रक्रियाबाट मुक्त रहने अभ्यासको थालनी भएको छ।



**४.७. श्रीलङ्का**

श्रीलङ्कामा राज्यको मुख्य कानून अधिकारी नै महान्यायाधिवक्ता हुन्छन् र फौजदारी मुद्दामामिलासम्बन्धी सबै अधिकार र कर्तव्यहरू निजमानै नीहित हुन्छन्। देवानी कानूनको क्षेत्रमा समेत निजको धेरै भूमिका रहन्छ। आफ्नो कर्तव्य पालनाका सिलसिलामा महान्यायाधिवक्ताले गरेका निर्णयउपर श्रीलङ्काको कुनै पनि अदालतमा प्रश्न उठाउन पाइँदैन।

**४.८. हङकङ**

सन् १९९८ मा हङकङ बेलायती उपनिवेशबाट स्वतन्त्र भई चीन अधिनस्थ भएतापनि एक मुलुक, दुई शासनप्रणाली रहेको हुँदा सोही व्यवस्था नै हालसम्म लागू छ। हङकङमा फौजदारी अभियोजनको कार्यसम्पादनका क्रममा उक्त विभागलाई हुने कार्यात्मक स्वतन्त्रताको उल्लेख संविधानमै गरिएको छ। हङकङको आधारभूत कानूनको धारा ६३ मा न्याय विभागले बिना कुनै हस्तक्षेप फौजदारी अभियोजनको नियन्त्रण गर्ने कुरा व्यवस्थित छ। अतः हङकङमा सरकारी वकीलहरूले राजनीतिक हस्तक्षेप वा अन्य अनुचित प्रभावमा नपरी भयरहित ढङ्गले काम गर्नसक्ने अवस्था छ।

❍❍❍

## परिच्छेद-५

### ५. सरकारी वकीलहरूको आचारसंहिता,

सरकारी वकीलसम्बन्धी नियमावली, २०५५ को नियम ३८ ले दिएको अधिकार प्रयोग गरी जारी गरिएको सरकारी वकीलहरूको आचारसंहिता, २०७३ मा सरकारी वकीलहरूको पेशागत, स्वतन्त्रतासम्बन्धी, निष्पक्षता, सहयोगात्मक, सदाचार र क्षमता विकाससम्बन्धी आचरणहरूको व्यवस्था गरिएको छ।

**सरकारी वकीलहरुको स्वतन्त्रतासम्बन्धी आचरण:** सरकारी वकीलले देहायबमोजिम स्वतन्त्रतासम्बन्धी आचरण पालन गर्नुपर्नेछ ।

(१) सरकारी वकीलले गर्ने अभियोजनात्मक कार्य तथा आफूले सम्पादन गर्नुपर्ने अन्य कार्य गर्दा तथ्यको निरुपण र कानूनको प्रयोग सही र स्वतन्त्र रुपमा गर्नुपर्छ । कर्तव्यको पालना गर्दा कसै प्रति झुकाव, मोलाहिजा वा वदनियत नराखी, आन्तरिक वा बाह्य, प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि रुपमा आउन सक्ने प्रभाव, दबाब, भनसुन, धम्की वा आग्रहबाट प्रेरित वा प्रभावित नभई अविचलित रुपमा उचित समयमा स्वतन्त्रतापूर्वक गर्नुपर्छ ।

(२) सरकारी वकीलले आफ्नो सामाजिक सम्बन्ध कायम गर्दा आफ्नो कार्य सम्पादनमा प्रभाव नपरोस भन्ने कुरामा ध्यान दिनुपर्छ । सामाजिक सम्बन्धको कारणले सरकारी वकीलको कार्य सम्पादनमा पर्न सक्ने प्रभाव र विशेष गरेर आफूले गर्नु पर्ने कार्यसँग सम्बन्धित व्यक्तिहरुबाट पर्न सक्ने प्रभाववाट स्वतन्त्र रहनुपर्दछ ।



(३) सरकारी वकीलहरुले पूर्व अख्तियारी वा विभागीय सहमति विना विदेशी राष्ट्र, संस्था वा स्वदेशी वा विदेशी गैर सरकारी संस्थासँग कार्यगत सम्पर्क र सहकार्य गर्नु हुँदैन ।

(४) सरकारी वकीलले आफ्नो कार्य सम्पादनको सिलसिलामा प्रचलित कानुन बमोजिम गोप्य राख्नु पर्ने बिषय तथा आवश्यक हदमा अभियोजनात्मक र व्यवसायिक गोपनीयता कायम राख्नु पर्छ ।

(५) सरकारी वकीलले सरकारी वकीलको व्यवसायिक, संस्थागत एवम् कार्यगत स्वतन्त्रता कायम राख्न र अभिवृद्धि गर्न हरसंभव प्रयास गर्नुपर्छ । प्राप्त भएको व्यवसायिक स्वतन्त्रता र उन्मुक्तिको दुरुपयोग गर्नु हुदैन ।

(६) सरकारी वकीलको व्यवसायिक स्वतन्त्रताको लागि जनआस्था तथा जनविश्वासको अभिवृद्धि गर्न सरकारी वकीलले उच्चस्तरको न्यायिक आचरण प्रदर्शन र प्रवर्द्धन गर्नुपर्छ ।

(७) मुद्दाका पक्ष वा विपक्ष वा अन्य कसैसँग आफ्नो स्वार्थको लागि पदीय मर्यादा विपरीत धाक, धम्की र त्रास फैलाउने कार्य गर्नु हुँदैन ।

### ५.१.महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षिय रणनीतिक योजना (२०७३/७४-२०७७/७८)

महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षिय रणनीतिक योजनाको लक्ष्य नं ३ मा सरकारी वकीलको पेशालई व्यवसायिक बनाउने लक्ष्य निर्धारण गरिएको र उक्त लक्ष्य प्रप्तिका लागि देहायका रणनीतिहरू अवलम्वन गरिएको छ।

१) सरकारी वकील तथा अन्य कर्मचारीहरूको नियूक्ति, सेवा सर्त सम्बन्धि कानूनको तर्जुमा गरी लागु गराउन पहल गर्ने,

२) सरकारी वकीलको स्वतन्त्रता र उन्मुक्तिको संरक्षण र संवर्धन गर्ने,
३) सरकारी वकीललाई विषयगत विशिष्टिकरण गर्ने,
४) कार्यबोझका आधारमा जनशक्ति व्यवस्थापन गर्ने,
५) सरकारी वकील कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको क्षमता विकास गर्ने,
६) कानूनी राय प्रदान गर्न संस्थागत क्षमता अभिवृद्धि गर्ने,
७) क्षमता विकासका लागि निरन्तर सिकाई विधि अवलम्वन गर्ने,

योजनाले सरकारी वकीलहरूको व्यवसायिक स्वतन्त्रता सम्बन्धमा छुट्टै सेवा सर्तसम्बन्धि कानून निर्माण गरी सरकारी वकीलहरूको स्वतन्त्रता र उन्मुक्तिको संरक्षण र संवर्धन गरी विषयगत विशिष्टिकरण एवं संस्थागत र जनशक्तिको क्षमता अविबृद्धि गरी निरन्तर सिकाई विधि अवलम्वन गर्ने कुरामा जोड दिएको छ।

**५.२ नेपालका सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलन २०७३**

सम्बत २०७३ साल पौष ८ गते देखि १० गतेसम्म आयोजना गरिएको नेपालका सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलन २०७३को घोषणापत्रको १२ र १८ नं बुढाले सरकारी वकीलको पद सरकारी सेवाको पदमा रहेको तर यो पदले सम्पादन गर्नुपर्ने कार्य निजामती कर्मचारीको कार्य सम्पादन प्रकृति भन्दा धेरै भिन्न र विशिष्ट प्रकृतिको रहेकोले सरकारी वकीलको पदमा कार्यरत जनशक्तिको व्यावसायिक स्वतन्त्रता, उन्मुक्ति, पारिश्रमिक र सेवासर्त र सुविधाको विषयमा छुट्टै कानून बनाई सरकारी वकीलको पदलाई व्यावसायिक र प्रतिस्पर्धी पदको रूपमा विकास गरी सरकारी वकीलबाट गरिने अभियोजन सम्बन्धी निर्णय वस्तुगत



आधारमा गरिनु पर्ने, प्रमाणको पर्याप्तता र सार्वजनिक हित समेतका आधारमा अभियोजनको निर्णय गर्न सक्ने गरी अभियोजन निति लागू गरी सोही अनुसारको कानूनी व्यवस्था गरिनु पर्ने, तत्काल संकलित प्रमाणबाट नै कसुर ठहर हुन नसक्ने देखिएको अवस्थामा मुद्दा नचलाउने गरी निर्णय गर्न सक्ने कार्यगत स्वतन्त्रता सरकारी वकीललाई प्रदान गरिनु पर्ने कुरामा जोड दिएको छ।

## परिच्छेद-६

### ६. सर्वोच्च अदालतबाट सरकारी वकीलहरूको व्यावसायिक स्वतन्त्रताका सम्बन्धमा प्रतिपादित सिद्धान्तहरू

नेपालमा सरकारी वकीलको व्यावसायिक स्वतन्त्रता र उन्मुक्ति सम्बन्धी कानूनले खासै व्यवस्था गरेको पाइदैन । सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तले सरकारी वकीलको कार्यगत स्वतन्त्रता र व्यावसायिक उन्मुक्ति बारेमा नेपाल अधिराज्यको संविधान २०४७ जारी भएको एक दशक पछिमात्र व्याख्या गरी गरीएका निर्णयहरूआधार स्तम्भको रूपमा रहेका छन् । महान्यायाधिवक्ता लगायतका सरकारी वकीलहरूको व्यावसायिक स्वतन्त्रता र उन्मुक्ति कति हुने भन्ने विषयमा उठेको विवादमा सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा व्याख्याको क्रममा सिद्धान्तहरू प्रतिपादन हुँदै आएका छन्। यस सन्दर्भमा देहायमा उल्लेखित रिट निवेदन र मुद्दामा महान्यायाधिवक्ता र मातहतका सरकारी वकीलहरूबाट मुद्दा चलाउने नचलाउने विषयमा सरकारी वकीलको व्यावसायिक स्वतन्त्रता र उन्मुक्ति सम्बन्धमा व्याख्या गर्दै विभिन्न सिद्धान्त प्रतिपादन गरेको पाइन्छ।

**बद्रीबहादुर कार्की विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेत** (ने.का.प.२०५८ नि.नं. ७००१, अंक ५,६, पृष्ठ २३९) भएको उत्प्रेषण मिश्रित परमादेश समेत जारी गरी पाउँ भन्ने रिट निवेदनमा विशेष इजलासवाट महान्यायधिक्तालाई प्राप्त राय दिने अधिकार, सरकारको प्रतिनिधित्व गर्ने अधिकार, जुनसुकै अदालत कार्यालय वा



पदाधिकारी समक्ष उपस्थित हुने अधिकार, संसदमा उपस्थित हुन पाउने अधिकार, अभियोजन वा प्रतिरक्षाको अधिकार लगायत संविधान र कानूनवमोजिम प्राप्त अधिकार प्रयोग गर्दा एउटा व्यावसायिक व्यक्ति वा निकायले प्राप्त गर्ने अधिकार, सुविधा वा उन्मुक्ति सवै प्राप्त हुन्छन्। महान्यायधिवक्ताले सदासयता पुर्वक आफ्नो विवेक प्रयोग गरी गरेका त्यस्ता कार्य उपर प्रश्न गर्ने कसैको अधिकार रहँदैन।त्यस सम्बन्धमा निजलाई व्यावसायिक उन्मुक्ति प्रदान गरिएको हुन्छ भन्ने आदेश भएको पाइन्छ। कुनै अधिकृतले आफ्नो तजबिजी अधिकार प्रयोग गरेकामा बदनियत वा स्वेच्छाचारिता देखिएको छैन भने आयोगले यस ऐन अन्तर्गत कारबाही चलाउनमिल्दैन। ...तर सोही रिटमा कुनै अधिकृतले आफ्नो तजविजी अधिकार प्रयोग गरेकोमा बदनियत वा स्वेच्छाचारिता देखिएको छैन भने यस ऐन अन्तर्गत कार्वाही चलाउन मिल्दैन ।तर कसुरजन्य कार्यवाट कसैले उन्मुक्ति नपाउने हुँदा सम्पादित कार्यमा भ्रष्टाचारजन्य कार्य भएको छ भन्ने अभियोगका सम्वन्धमा महान्यायधिवक्ताद्वारा सम्पादित कार्यका विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान र तहकिकात गर्न नपाउने भन्न मिल्ने अवस्था हुँदैन।किनकि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दा वा सरकारको मातहत रहि आयोगले मुद्दा चलाउने नभई स्वतन्त्र संवैधानिक निकायको रूपमा संविधानको धारा ९८(३) अनुसार मुद्दा चलाउने विषय हो।

**मधुसुदन भट्टराई विरुद्ध नरेन्द्रबहादुर चन्द** (ने.का.प. २०५९ नि.नं. ७०८२पृष्ठ २१०) भएको भ्रष्टाचार मुद्दामा संविधानको धारा ११०

को उपधारा (२) तथा उपधारा (५) अन्तर्गत महान्यायधिवक्ता लगायतका सरकारी वकीलहरूले आफ्नो अधिकार क्षेत्रभित्र रही सम्पादन गरेको अभियोजन प्रतिरक्षा तथा कानुनी परामर्श सम्बन्धी कुनै काम कारवाही सही वा गलत भएको भनी पुनरावेदन हेरे सरह वा पुनरावलोकन गरे सरह जाँचवुझ गर्न र सोही कुरालाई आधार मानी अनुचित कार्य गरी वा भ्रष्टाचार गरी अख्तियार दुरूपयोग गरेको भनी कसुर ठहर गर्ने अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई प्राप्त नहुने भनी फैसला भएको पाइन्छ।

प्रस्तुत मुद्दामा संविधान तथा प्रचलित कानूनद्वारा तोकिएको उल्लिखित काम कारबाही सम्पादन गर्दा सरकारी वकीलले एउटा व्यावसायिक व्यक्तिले झैं मुद्दा चलाउने नचलाउने र चलाउँदा के कसरी कुन कानुनी आधार बुँदामा चलाउने भन्ने निर्णय गर्नु पर्ने स्थिति देखिन्छ। ...तसर्थ सरकारी वकीलको त्यस्ता व्यावसायिक कार्यहरूमा निजलाई अधिकार प्रत्यायोजन गर्न महान्यायाधिवक्ता र सरकारी वकील सम्बन्धी नियमावली, २०५५ बमोजिमका विभागीय प्रमुखहरू बाहेक अरू कसैको नियन्त्रण र निर्देशन रहन सक्ने पनि देखिन आउँदैन। व्यावसायिक आचरणको परिधिभित्र रही असल नियतबाट गरिएको त्यस्ता कार्यहरूमा सरकारी वकीललाई व्यावसायिक उन्मुक्ति प्राप्त नहुने भन्ने अर्थ गर्न न्याय तथा कानूनसम्मत हुने देखिँदैन भन्ने समेतको व्याख्या भएको पाइन्छ ।

**देव शाक्य वि.का.जि.अ. समेत**, (स.अ.बु. २०५४, पूर्णाङ्क १२१, पृ. ३९) भएको मुद्दामा स.मु.स. ऐन, २०४९ को अनुसूची १ मा उल्लिखित अपराधको अनुसन्धान तहकिकात भइसकेपछि नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११० र स.मु.स. ऐन, २०४९ को दफा १७ बमोजिम सरकारका तर्फबाट मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय गर्ने अधिकार प्राप्त सरकारी वकीलबाट निर्णय भई मौकामा दायर भई विचाराधीन रहेका अवस्थामा सो मुद्दा त्रुटिपूर्ण वा अपर्याप्त भएको भनी यो यस्तो अपराधमा अमूक ऐन अन्तर्गत दाबी लिई यो यस्तो मुद्दा दायर गर्नु भन्न कानूनतः मिल्ने अवस्था नदेखिने।

**सुन्तली धामी (शाह) विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत** (ने.का.प २०६८ नि.नं. ८५४१ अंक १ पृष्ठ ११२) भएको परमादेश जारी गरि पाउँ भन्ने रिट निवेदनमा अन्तिम अवस्थासम्म सरकार पक्षबाट पीडितको तर्फबाट मुद्दामा प्रतिरक्षा लगायतको काम गरिन्छ। हाम्रो प्रणालीमा पीडितले आफै मुद्दा चलाउन सक्तैन। पीडितको हैसियत गवाहमा सीमित हुन्छ।पीडित राज्यबाट व्यवस्थित अपराध अनुसन्धान गर्ने प्रहरी र सरकारी वकीलमा भर पर्नुपर्ने हुन्छ। पीडितले आफूपीडित भएको ब्यहोराको आफूमा भएको प्रमाण सहित प्रहरीमा उजुर गर्दा प्रहरी र सरकारी वकीलले मुद्दा नचलाउँदाका अवस्थामा पीडितले न्याय पाउने मौलिक हकबाट वञ्चित हुन पुग्ने भन्दै महान्यायाधिवक्ताले गरेको निर्णय सरकारी निकायका लागि मात्र अन्तिम हुन सक्दछ। धारा १३५ ले महान्याधिवक्तालाई उल्लिखित अधिकार, दिएको भए तापनि धारा १३५ ले धारा १०७ को यस अदालतको असाधारण अधिकारलाई सीमित गर्न वा कटौती गर्न वा नियन्त्रण गर्न नसक्ने। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) ले यस अदालतलाई "यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका

लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विषय समावेश भएको कुनै संवैधानिक वा कानुनी प्रश्नको निरूपणका लागि आवश्यक र उपर्युक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ" भन्ने संवैधानिक प्रावधान रहेको देखिन्छ। उल्लिखित संवैधानिक व्यवस्था अन्तर्गत पूर्ण न्यायको निमित्त यस अदालतले कुनै निकाय वा पदाधिकारीले गरेको निर्णयलाई Judicial Review गर्नसक्ने भनी आदेश जारी भएको पाइन्छ।

**रोक्साना खातुन विरुद्ध महान्यायाधिवक्ताको कार्यालय** (२०६५ सालको WO ००३८ निर्णय मिति २०६९/२/१६) भएको रीट निवेदनमा अपराध गर्नेलाई सजाय गर्ने र अन्यायमा परेकालाई न्याय दिलाउनु राज्य व्यवस्थाको मुख्य कार्य हो। धारा १३५(२) मा भएको व्यवस्थाले यस अदालतको धारा १०७(२) को असाधारण अधिकार क्षेत्रलाई सीमित वा नियन्त्रण गर्न सक्दैन। सुन्तली धामीको मुद्दामा धारा १३५(२) ले महान्यायाधिवक्तालाई कसै उपर सरकार वादी भई मुद्दा चलाउने वा नचलाउने भन्ने अन्तिम निर्णय गर्ने अधिकार दिएको पाइन्छ तापनि यो अधिकारले धारा १०७ र ३२ बमोजिम महान्यायाधिवक्तालाई भएको अधिकार र सो बमोजिम भएको निर्णयको Review हुन सक्ने र धारा १३५(२) ले सर्वोच्च अदालतको Jurisdiction लाई Exiled गर्न नसक्ने सिद्धान्त प्रतिपादन



भएको समेतबाट निर्णय गर्ने अन्तिम अधिकार रहेको भए पनि सो अधिकारको प्रयोग त्यस्तो अधिकारकर्ताको स्वेच्छा (Pleasure) मा निर्भर नभई निष्पक्ष अनुसन्धानबाट देखिएको निष्कर्षमा आधारित हुनु पर्दछ। अनुसन्धानबाट शंकित दोषी देखिएका अवस्थामा केवल महान्यायाधिवक्ताको चाहनाका कारणबाट मात्र मुद्दा नचल्ने निर्णय हुन सक्छ भनी उक्त संवैधानिक व्यवस्थाको अर्थ गर्नु मनासिब नहुने भनी व्याख्या भएको पाइन्छ।

**अधिवक्ता ओमप्रकाश अर्याल समेत वि. राष्ट्रिय मानव अधिकार आयोगसमेत** (ने.का.प.२०७० नि.नं. ९०२९ अंक ७ पृष्ठ ८४३) भएको उत्प्रेषण समेतको रिट निवेदनमा आयोगले बिना आधार र कारण हचुवाको भरमा कसैका विरुद्ध मुद्दा चलाउन सिफारिस गर्ने पनि होइन। त्यसैले राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसलाई कार्यान्वयन गर्ने वा नगर्ने भन्ने स्वविवेक त्यस्तो सिफारिस प्राप्त गर्ने निकाय वा पदाधिकारीलाई रहन्छ भनी सम्झन मिल्दैन। त्यस्तो स्वविवेक प्रदान गर्ने खालका कानुनी व्यवस्थाहरू संविधानको प्रावधान र त्यसको मनसायअनुकूल हुन्छ भनी अर्थ गर्न पनि नमिल्ने।

नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने विषयमा निर्णय गर्ने अन्तिम अधिकार महान्यायाधिवक्ताको हुने हो। तर मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहन गर्ने व्यक्तिउपर मुद्दा चलाउन आवश्यक भएमा मुद्दा दायर गर्न मानव अधिकार आयोगले सिफारिस गरी पठाएपछि महान्यायाधिवक्ताले सो विषयमा मुद्दा चलाउने वा नचलाउने भनी निर्णय गर्न पाउने भन्ने होइन।

संविधानको धारा १३२ को उपधारा (२) को खण्ड (ग) को मुद्दा दायर गर्न सिफारिस गर्ने आयोगको अधिकारलाई निष्प्रभावी हुने गरी धारा १३५ को उपधारा (२) द्वारा महान्यायाधिवक्तालाई प्राप्त मुद्दा चलाउने वा नचलाउने भनी निर्णय गर्ने अधिकारको प्रयोग हुन सक्छ भनी व्याख्या गर्ने हो भने धारा १३२ को उपधारा (२) को खण्ड (ग) अन्तर्गत मानव अधिकार आयोगलाई प्राप्त अधिकारको औचित्यनै नरहने।

प्रधानमन्त्रीले महान्यायाधिवक्ताको काम कारबाही वा निर्णयबाट असजिलो महसुस गरेमा निजलाई जुनसुकै बखत पनि पदमुक्त गर्न सक्ने भएकाले आफ्नो पदलाई खतरामा राखी महान्यायाधिवक्ताले मानव अधिकार आयोगको सिफारिसलाई स्वतः कार्यान्वयन गर्न सक्तछन् भनी अनुमान गर्न पनि नमिल्ने।

मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहनको घटनामा दोषी व्यक्तिउपर आयोगले प्रचलित कानून बमोजिम मुद्दा चलाउन आवश्यक देखी मुद्दा दायर गर्न सिफारिस गरेपछि सो विषयमा महान्यायाधिवक्ता वा निज मातहतको कुनै सरकारी वकील कार्यालयले अन्य अपराधमा जस्तो मुद्दा चलाउन आवश्यक छवा छैन भनी आयोगको सिफारिसको औचित्यमाथि अन्यथा प्रश्न गर्न मिल्ने अवस्था संविधानतः नदेखिने।

**लक्ष्मण प्रसाद विरूद्ध विषेश प्रहरी विभाग** (ने.का.प. २०७० अंक ७ पृष्ठ ८४४) अभियोगपत्र प्रष्ट र कसूर तथा मागदावी स्पष्ट खुलाएको हुनुपर्ने।सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ बमोजिम



प्रहरीले पेस गरेको मिसिलबाट कुन कागजात राख्ने र कुन झिक्ने भन्ने तजबिजी अधिकार सरकारी वकीललाई नहुने।

**पुनरावेदन सरकारी वकील कार्यालय, नेपालगञ्ज वि. राजु थापा** (ने.का.प. २०४७ अंक ५) भएको प्रहरीबाट अनुसन्धानका सिलसिलामा प्राप्त सबै कागजातहरू मुद्दासँग सान्दर्भिक भए वा नभए तापनि सरकारी वकीलले मिसिल संलग्न गर्नु पर्ने।

**दिलिपकुमार यादव वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग** (ने.का.प. २०६७ नि.नं. ८४८४ अङ्क १० पृष्ठ १७३५ मुद्दा उत्प्रेषण)भएको रिट निवेदनमा अख्तियार दुरुपयोग सम्बन्धी प्रश्नको अनुसन्धान र अभियोजनको लागि संविधानले नै विशेष व्यवस्था गरेको अवस्थामा सो सम्बन्धी अन्तिम निर्णय लिने अधिकार तत् तत् निकायमा नै रहेको मान्नु पर्ने।अदालतले अभियोजनकर्ताजस्तो भई अभियोजन सम्बन्धी अमूक निर्देशन वा आदेश जारी गरेमा सो न्यायिक निर्णय सरह भई पछि मुद्दा चलाउँदा सम्वन्धित पक्षले निष्पक्ष सुनुवाइ नपाउने सम्भावना रहने र निष्पक्ष न्याय प्राप्त गर्न वाधा पर्न सक्ने भनी रिट निवेदन खारेज गरीएको पाइन्छ।

यस प्रकार सर्वोच्च अदालतबाट महान्यायाधिवक्तानेपाल सरकारको कानुनी सल्लाहकार, सर्वोच्च अदालतको न्यायाधीश हुन सक्ने योग्यता पुगेको व्यक्ति सो पदमा नियुक्ति हुने एवं कानूनको ज्ञाताका रूपमा रहने कुरा संविधानले स्वीकार गरेकोछ।महान्यायाधिवक्तालाई नेपाल सरकारका वा सरकारका निकायबाट सोधनी भएका कानूनी विषयमा राय सल्लाह दिने अधिकार, संसदमा उपस्थित हुने अधिकार, अभियोजन वा प्रतिरक्षाको

अधिकार लगायत संविधान र कानूनबमोजिम प्राप्त अधिकार प्रयोग गर्दा एउटा व्यावसायिक व्यक्ति (Professional) वा निकायले प्राप्त गर्ने अधिकार, सुविधा वा उन्मुक्ति सबै प्राप्त हुन्छन् भन्ने व्याख्या गर्दै महान्यायाधिवक्ताले आफ्नो विवेक प्रयोग गरी गरेका त्यस्ता कार्य उपर कुनै निकायबाट प्रश्न उठाउने अधिकार नहुने, त्यस सम्बन्धमा निजलाई व्यावसायिक उन्मुक्ति प्रदान गरिएको हुन्छ भनी **बद्रीबहादुर कार्की** तथा **नरेन्द्रबहादुर चन्द**को मुद्दामा व्याख्या गरी महान्यायाधिवक्ताको व्यावसायिक स्वतन्त्रता र कार्यगत उन्मुक्तिका सम्बन्धमा व्याख्या भएको थियो।

तर सर्वोच्च अदालतबाट स्थापित उल्लिखित सिद्धान्तलाई पछि आएर **सुन्तली धामी वि. नेपाल सरकार** भएको मुद्दामा अस्वीकार गरी पूर्ण न्यायका लागि अदालतले कुनै निकाय वा पदाधिकारीले गरेको निर्णयलाई Judicial Review गर्न सक्ने भन्दै सरकारी वकीलले मुद्दा नचलाउने गरी गरेको निर्णयका प्रतिवादीहरूका हकमा समेत मुद्दा चलाउन आदेश गरेको छ। यद्यपि यस्तै प्रकृतिको **दिलिपकुमार यादव वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग**भएको मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा नचलाएका अवस्थामा संविधानले स्वतन्त्र रूपमा स्थापना गरेको निकायलाई मुद्दा चलाउन नचलाउन अन्तिम अधिकार दिएकोमा अदालतले अभियोजनकर्ताजस्तो भई अभियोजन सम्बन्धी अमूक निर्देशन वा आदेश जारी गर्दा निष्पक्ष सुनुवाइ हुन नसक्ने भन्दै मुद्दा चलाउनु भन्न नमिल्ने भन्ने Principle लाई पुनः स्थापित गरेको छ। संविधानको धारा १५८ मा महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारअन्तर्गत कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल



सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने छ भन्ने किटानी व्यवस्था भए रहेको भए तापनि **सुन्तली धामी**र **रोक्साना खातुन**भएको मुद्दामासर्वोच्च अदालतको व्याख्याबाट महान्यायाधिवक्ताको अभियोजन सम्बन्धी अधिकार स्वतन्त्र हुन्छ ।तरपनि त्यस्तो निर्णय निर्णयकर्ताको स्वेच्छा (Pleasure) मा निर्भर नभई निष्पक्ष अनुसन्धानबाट देखिएको निष्कर्षमा आधारित हुनुपर्छ, सो नभएको अवस्थामान्यायिक पुनरावलोकन(Judicial Review)को विषय बन्न सक्छ भन्ने व्याख्या भएको पाइन्छ ।

**सुमन अधिकारी समेत विरूद्ध नेपाल सरकार(ने.का.प २०७१ चैत्र, नि.नं ९३०३)**

सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २९ को व्यवस्थाले आयोगको सिफारिसलाई नेपाल सरकारको अधीनस्थ बनाएको र महान्यायाधिवक्ताको अभियोजन गर्न पाउने संवैधानिक अधिकारलाई समेत प्रभावित गरेको भन्ने पनि निवेदकहरूको कथन रहेको पाइन्छ । उक्त दफा २९ को उपदफा(१)मा मानव अधिकारको गम्भीर उल्लङ्घनको आरोपमा दोषी देखिएको पीडकउपर मुद्दा चलाउन आयोगबाट नेपाल सरकारसमक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडकउपर मुद्दा चलाउन महान्यायाधिवक्तासमक्ष लेखी पठाउनुपर्नेछ भन्नेसमेत व्यवस्था भएको देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा(२)बमोजिम नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तामा निहित रहेको देखिने ।

- नेपालको अन्तरिम संविधान,२०६३ को धारा १३५ बमोजिम संविधानले प्रदान गरेको अभियोजनसम्बन्धी अधिकार विशिष्ट र स्वायत्त प्रकृतिको अधिकार हो । महान्यायाधिवक्तालाई यो अधिकार संविधानद्वारा सीधै प्रदान गरिनुको पछाडि महान्यायाधिवक्ताको संस्था एउटा व्यावसायिक र न्यायिक संस्थाको रूपमा रहेको र त्यस्तो संस्थाले कुनै खास राजनैतिक उद्देश्यले कसैउपर दुर्भावनापूर्वक अभियोजन लगाउन वा कसैउपर मोलाहिजावश वा राजनीतिक स्वार्थको कारणले लगाउनपर्ने अभियोजन नलगाउने अवस्था आउन नदिन र फौजदारी कसुर जस्तो विषय समेटिएको गम्भीर फौजदारी अभियोग विशिष्ट कानूनी एवम् न्यायिक आवश्यकता अनुरूप सही र निष्पक्षरूपमा हुन सकोस् भनेर नै यस्तो संस्था खडा गरी अभियोजनसम्बन्धी सम्पूर्ण जिम्मेवारी सुम्पिएको हुँदा महान्यायाधिवक्ताको अभियोजनसम्बन्धी अधिकारलाई सङ्कुचन गर्न मिल्ने नहुने ।
- संविधानतः सरकारवादी हुने मुद्दा चलाउने अख्तियारी भएको महान्यायाधिवक्तासमक्ष आयोगले सोको लागि सीधै सिफारिस गर्न नसक्ने र नगर्नुपर्ने कुराको कुनै विवेकसम्मत आधार देखिँदैन । छानबिनबाट दोषी देखिएका व्यक्तिलाई मुद्दा चलाउन आयोगले गर्ने सिफारिस घुमउरो बाटोबाट महान्यायाधिवक्तासमक्ष पठाउने व्यवस्थाले अनावश्यक जटिलता र संशयमात्र पैदा गरेको देखिन्छ । यसको परोक्ष अर्थ पीडकलाई अभियोजनबाट उम्काउनेमात्र हुन सक्तछ । यस विषयमा यसअघि जारी भएको आदेशमा नै पर्याप्त व्याख्या र विश्लेषण भैसकेको हुँदा संविधानको स्पष्ट व्यवस्थासँग असङ्गत र आवश्यक भन्दा अतिरिक्त उल्लेखन गरिएको उक्त दफामा प्रयुक्त "...नेपाल सरकारसमक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडकउपर मुद्दा चलाउन..." भन्ने वाक्यांश बदरभागी देखिने ।



**पुकार नरसिंह राणा समेत विरूद्ध महान्यायाधिवक्ताको कार्यालय समेत (ने.का.प २०७२ असोज, नि.नं ९४१४)**

प्रस्तुत

निवेदकहरू उपर परेको पहिलो उजुरीमा अनुसन्धानको क्रममा रिट निवेदकहरूलाई कानूनबमोजिम बयान गराई प्रमाण सङ्कलन गर्ने समेतका काम सम्पन्न भएको अवस्थामा कसुरदार नदेखिएको आधारमा एकपटक निवेदकहरूलाई मुद्दा नै नचलाउने भनी निर्णय गरिसकेपछि पुनः सोही अभियोगमा मुद्दा चलाउने भनी गरेको निर्णय कानूनतः मिल्ने नदेखिने ।

सुरू कारवाही र किनारा गर्ने अधिकारभित्र अभियोग पत्र पेस गर्ने गरी आदेश गर्न पाउने अधिकार समावेश भएको मान्न नमिल्ने ।

अमुक व्यक्तिलाई कुनै अमुक मुद्दामा सजायको मागदाबी लिई अभियोजन गर्नु भनी मुद्दाको रोहमा आदेश गर्नु संवैधानिक र कानूनी व्यवस्थाको विपरीत हुनुको साथै स्वतन्त्र न्यायपालिकासम्बन्धी अवधारणा र मूल्यमान्यताको विपरीत हुने देखिने ।

यी रिट निवेदकहरू कसुरदार नदेखिएको भन्ने आधारमा मुद्दा नचल्ने गरी सरकारी वकिल कार्यालयबाट निर्णय भई सोही निर्णयको आधारमा निजहरूको हकमा अभियोगपत्र पेस नभएपछि निजहरूलाई

सोही कसुरमा पुनः अनुसन्धान तहकिकात गरी पूरक अभियोजन गर्ने गरेको विपक्षी निकायहरूको कार्यलाई प्रचलित संविधान एवम् कानून र न्यायिक मूल्य मान्यताअनुरूपको मान्न मिल्ने नदेखिने ।

उल्लेखित फैसलामा प्रचलित कानून वमोजिम अनुसन्धान गरी प्राप्त निश्कर्षका आधारमा अमुक प्रतिवादी उपर मुद्दा नचलाउने गरी निर्णय भैसकेको विषयलाई सोही कसुरमा पुनः अनुसन्धान गरी सरकारी पक्षमा अभियोजन गर्ने कार्य प्रचलित संविधान एवम् कानून र न्यायिक मूल्य मान्यताअनुरूपको मान्न मिल्ने नदेखिने भनि व्यवसायिक स्वतन्त्रताका नाममा एकै व्यक्ति उपर पटक-पटक मुद्दा दायर गर्ने कार्यलाई निरूत्सहित गरिएको देखिन्छ।

ooo



## परिच्छेद-७

### ७. सरकारी वकीलको व्यावसायिक विकासको लागि सरकारी वकीलले ध्यान दिनुपर्ने विषयहरु

- सरकारी वकीलको पेशा उच्च बौद्धिक स्तरको सम्मानित एवं मर्यादित पेशाको रुपमा रहेको छ ।अन्य पेशा भन्दा सरकारी वकीलको पेशा फरक यस अर्थमा रहेको छ कि यस पेशाले निरन्तर रूपमा नविनतम विषयहरुको अध्ययनलाई जारी राखी विषयवस्तुप्रति सदैब प्रखर र दक्ष रहन माग गर्दछ। त्यसै गरी व्यावसायिकताको विकाशको लागि समयसमयमा नयाँ र विषयवस्तुलाई आवश्यक पर्ने तालिम लिइ रहनु पर्ने कुरालाई जोड दिन्छ।सरकारी वकीलको व्यावसायिकता वृद्धि गर्नका लागि सरकारी वकीलले निम्न कुरामा ध्यान दिनुपर्ने देखिन्छ ।
- निरन्तर अध्ययन,
- कानूनको ज्ञान,
- नजिरहरुको अध्ययन र जानकारी,
- प्रमाण कानूनको जानकारी,
- कार्यविधि कानूनको जानकारी,
- विदेशी महत्वपूर्ण मुद्दाहरुको नजिर/फैसलाहरुको जानकारी,
- विशिष्ट ज्ञान,
- सच्चरित्रता/इमानदारीता,
- मुद्दाप्रति लगनशिलता र दृष्टिकोणमा दयालु,
- जवाफदेहीयता,

- बहसका क्रममा तथ्य, प्रमाण र नजिरको सिलसिलेवार प्रस्तुती,
- इजलासको ध्यान आफूतर्फ खिच्न सक्नेकलाको विकास,
- विषयवस्तुप्रति दक्ष,
- कार्यकुशलता,
- आत्मनियन्त्रण,
- गल्तीलाई समयमै सुधार्न सक्ने दक्षता र क्षमताको विकास,
- परिणाममाथि जोड,
- पारदर्शिता,
- विवेकशीलता,
- सक्कली र नक्कली मुद्धा चिन्न सक्ने खुवी,
- वाकपटुता ,
- तर्कपूर्ण अभिव्यक्ति,
- विषम परिस्थितिको सहजतापूर्वक सामना गर्न सक्ने,
- पक्षका कमजोरीहरुको तुरुन्त पहिचान गर्न सक्ने,
- विवादको मुल विन्दुको पहिचान,
- नम्र र प्रेमपूर्ण व्यवहार,
- धैर्यवान एवं साहसी व्यक्तित्व,
- व्यावसायिक गोप्यताकायम गर्न सक्ने,
- व्यावसायिक कार्य विशिष्टिकरण,

❍❍❍



## परिच्छेद-८

### ८. महान्यायाधिवक्ताको कार्यालयले अवलम्बन गर्न पर्ने रणनीतिहरु

नेपाल सरकारको तर्फबाट अभियोजन लगायत सरकारको हक हित र सरोकार निहित रहेको मुद्धाहरुमा अहोरात्र वहस प्रतिरक्षा लगायत कानूनी राय प्रदान गर्ने सरकारी वकीलको कार्य व्यावसायिक कार्य भएकोले यस कार्यलाई दक्षतापूर्ण ढङ्गले संचालन गरी परिणाममुखी एवं नतिजामुखि बनाउनु आजको आवश्यकता पनि हो। सरकारी वकील संगठनमा कार्यरत जनशक्तिको व्यावसायिक दक्षतालाई दिगो रुपमा संचालन गर्नका लागि यस संगठनमा कार्यरत जनशक्तीलाई संगठनले देहायवमोजिमको रणनितीहरु अवलम्बन गर्नु पर्ने देखिन्छ ।

१) कार्य विशिष्टिकरण
२) कार्यबोझका आधारमा दरवन्दी श्रृजना
३) जनशक्तिको क्षमता र दक्षता अभिबृद्धिमा जोड, तालिम, छात्रवृती सहितको, स्वदेशी तथा वैदेशिक अध्ययन र अवलोकन
४) समूहगत बहस पैरवी गर्ने कार्यपद्दतीको विकास
५) अनुसन्धानमूलक कार्य र तिनको कार्यन्वयन
६) भौतिक पूर्वाधारको विकास
७) सूचना प्रविधिमा पहुँच, ल्यापटप, इन्टरनेट
८) समय सारिणी अनुसार अनुगमन निरीक्षण
९) सरोकारवालाहरू संगको नियमित अन्तरक्रिया
१०) विशेष प्रकृतिका कानूनहरू कार्यान्वयन गर्न दिग्दर्शन तयार गर्ने
११) पर्याप्त बजेटको व्यवस्था
१२) व्यावसायिक भत्ताको सुनिश्चितता

१३) पुस्तकालयको व्यवस्था

१४) आवास र सवारी साधनको व्यवस्था

१५) सुरक्षाको व्यवस्था

१६) सरूवा र बढुवामा पारदर्शिता

१७) अपराधशास्त्रिय अध्ययन केन्द्रलाई सशक्त ढङ्गले संचालन

१८) रणनीतिक योजनालाई प्रवावकारी ढङ्गले कार्यान्वयन

१९) जनशक्ति विकास

ooo



## परिच्छेद-९

### ९. निष्कर्ष

संविधान तथा कानूनले महान्यायाधिवक्ता तथा मातहतका सरकारी वकीलहरूलाई सरकारवादी हुने मुद्दाहरूको अभियोजन गर्ने, नेपाल सरकार र नेपाल सरकारले तोकेको निकायहरूलाई कानूनी राय प्रदान गर्ने, सरकारवादी हुने मुद्दा र नेपाल सरकारको हक हित र सरोकार निहित रहेका मुद्दाहरूमा न्यायिक निकाय समक्ष उपस्थित भई बहस पैरवी र प्रतिरक्षा गर्ने समेतको जिम्मेवारी प्रदान गरेको छ। उक्त जिम्मेवारी पूरा गर्न व्यावसायिक सरकारी वकील सहितको सक्षम जनशक्तिको आवश्यक्ता पर्दछ। उल्लेखित चुनौतीपूर्ण कार्य निष्पक्ष ढङ्गले संचालन गर्नका लागि सरकारी वकीललाई कानूनद्धारा नै व्यावसायिक स्वतन्त्रता प्रदान गरीनु पर्दछ। अभाव, प्रभाव र दबाबमा रही कार्य गर्नुपर्ने अवस्था भएमा व्यावसायिक एवं स्वतन्त्रतापूर्वक कार्य सम्पादन नहुने भएकोले सरकारी वकीलबाट सम्पादन हुने कार्य निष्पक्ष, पारदर्शी, नतिजामुलक बनाउनका लागि व्यावसायिक स्वतन्त्रता अपरिहार्य हुन्छ।

संयुक्त राष्ट्र संघिय मार्गदर्शन अन्य संयुक्त राष्ट्र संघका पक्ष राष्ट्रहरूलाई जस्तै नेपाललाई पनि समान रूपमा लागू हुने हुन्छ। नेपालमा त्यस्तै प्रकृतिको न्यायपालिकाको स्वतन्त्रता सम्बन्धी आधारभूत सिद्धान्त (Basic principles of independence of judiciary 1985) लाई २०४७ सालको संविधान देखि नै

अवलम्बन गरी जिल्ला तथा पुनरावेदन अदालतका न्यायाधीश समेतलाई संवैधानिक पदमा रूपान्तरण व्यावसायिक स्वतन्त्रता प्रदान गरिएको छ भने अभियोजनकर्ताको संयुक्त राष्ट्र संघद्धारा पारित अभियोजनकर्ताको भूमिका सम्बन्धि मार्गदर्शन (Guidelines on the Role of Prosecutors:, 1990) मा अभियोजनकर्ताहरू स्वतन्त्र र निष्पक्ष निकायद्वारा नियुक्ति हुनुपर्ने, सेवाका शर्तहरू उच्च हैसियतलाई सम्बोधन हुने गरी व्यवस्था गर्नुपर्ने र मर्का पर्ने गरी नघटाइने, व्यक्तिगत र संस्थागत स्वतन्त्रता हुनुपर्ने, अभिव्यक्ति र सङ्गठनको स्वतन्त्रता हुनुपर्ने, फौजदारी कारबाहीमा स्वविवेकीय अधिकार हुनुपर्ने, अभियोजनको वैकल्पिक उपायसमेत राखिनु पर्ने, अभियोजनकर्तालाई सबै प्रकारका धम्की, अवरोध, हैरानी, अनुचित हस्तक्षेपमुक्त व्यावसायिक कार्य र दायित्व सम्पादनको प्रत्याभूति, अभियोजनकर्ता र निजको पारिवारका सदस्यको भौतिक सुरक्षा, पर्याप्त पारिश्रमिक, कार्यकाल, निवृतिभरण तथा अवकाशको उमेरको कानूनद्धारा सुनिश्चितता, नियुक्ति, सरूवा, बढुवा गर्दा मापदण्डका आधारमा व्यावसायिक योग्यता, सक्षमता इमानदारी र अनुभव जस्ता कुराका आधारमा हुनुपर्ने। जस्ता कुराहरू मार्गदर्शनमा समेटिएकोमा सोहि विषयको मार्गदर्शनलाई हालसम्म अवलम्बन नगरी अभियोजनकर्तालाई व्यावसायिक स्वतन्त्रता प्रदान गर्ने दिशामा उदासिनता देखाउनु लोकतान्त्रिक मुल्य, मान्यता र स्वतन्त्र न्यायपालिकाको धारणा विपरित देखिएकोले यसलाई व्यवहारमा उतारी कार्यन्वयनमा ल्याउन जरूरी भई सकेको छ।



वेलायतमा सरकारी वकीलले समग्र प्रमाण मूल्याङ्कन गरी अभियोजनमा लचकता प्रदान गर्ने वा प्रमाणले खामे नखामेको (Evidential Test) गरी मुद्दा चलाउने नचलाउने निर्णय लिन सक्ने र मुद्दा चलाउन सार्वजनिक हितमा छ छैन भनि विश्लेषण गरी मुद्दा चलाउदा जनहित विरोधि देखिएमा स्थगित गर्ने अधिकार प्रदान गरिएको छ।

त्यस्तै जापानमा प्रमाणद्वारा पुष्टि नहुने प्रकृतिका दावीलाई थप अनुसन्धानका लागि फिर्ता पठाइने र सानातिना प्रकृतिका मुद्दा नचलाउने गरी स्थगन गर्ने अधिकार सरकारी वकीललाई प्रदान गरिएको र प्रमाणद्वारा पुष्टि हुने प्रकृतिका ५०% मुद्दामात्र अदालत समक्ष दर्ताका लागि पेश गरिने भएकोले ९९% मुद्दामा सफलता हासिल हुने तथ्य जापानसंग हुदा नेपालमा समेत उल्लेखित वेलायती र जापानी अभ्यासलाई कानूनमा समावेस गरी कार्यन्वयनमा ल्याउनुपर्ने जरूरी देखिन्छ।

विश्वव्यापीकरण आधुनिकीकरण, विज्ञान र प्रविधिको विकास तथा त्यसले फौजदारी कानूनको क्षेत्रमा पारेको प्रभाव तथा फौजदारी न्याय प्रणालीको सन्दर्भमा भएका मानव अधिकारहरूको सिद्धान्तहरूको विकासले सरकारी वकीलहरूको कार्यमा थुप्रै चुनौती र अवसरहरू सृजना भएका छन्। नविनतम प्रकृतिका अपराधहरू, संगठीत अपराध, Cyber crime जस्ता अपराधहरू गर्ने प्रकृतिको विकास भएको छ। भौतिक उपस्थिति बिना अपराध गर्ने प्रकृति दिनानुदिन बढ्दै गइरहेको देखिएको छ। एक देशमा अपराधको तयारी गरी अर्को देशमा अपराध गर्ने र त्यसको असर अन्यत्र पर्ने

गरी अपराध गरीने भएकोले अपराधको अनुसन्धान अभियोजन तथा बहस पैरवीमा जटिलता एवं चुनौती थपिदिएका छन्। यस्ता चुनौतीहरूको सामना गर्न सरकारी वकीलको सीप, क्षमता, दक्षता अभिबृद्धि गरी कार्य शैलीमा आमुल परिवर्तन ल्याउनुजरूरी भई सकेकोले माथि उल्लेखित विषय एवं महान्यायाधिवक्ताको दोस्रो पञ्च वर्षीय योजनामा उल्लेखित व्यवसायिक स्वतन्त्रताका सम्बन्धमा लिएका लक्ष्यहरूलाई कानून निर्माण गरी व्यावसायिक स्वतन्त्रता प्रदान गरी सरकारी वकीलको कार्य शैलीमा सुधार ल्याउन सके उल्लेखित चुनौतीलाई सहज रूपमा समाधान गर्न सकिन्छ भन्ने कुरामा विश्वश्त हुन सकिन्छ।

OOO



**सन्दर्भ सामग्री**


- नेपालको संविधान २०७२
- सरकारी वकील दिग्दर्शन २०६३ परिमार्जित संस्करण, २०७०
- महान्यायाधिवक्ताको दोश्रो रणनीतिक योजना, २०७३।७४-२०७८।७९
- सरकारी वकील आचार संहिता, २०७३
- कृष्णजीवी घिमिरे, सरकारी वकीलको व्यवसायिकता प्रतिपादन वर्ष २, अंक१
- नेपालका सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलन २०७३, सम्मेलन विशेषाङ्क
- नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्तासरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलन २०७३, सम्मेलन विशेषाङ्क
- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९
- सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५
- सरकारी वकील सम्बन्धी नियमावली २०५५
- सूर्य प्रसाद कोइराला, खेमराज ज्ञवाली, मञ्जु मरासिनि, न्याय प्रशासनका विविध पक्षहरू भाग १,२०६८
- चेतनाथ घिमिरे, सरकारी वकीलको व्यावसायिक स्वतन्त्रता र उन्मुक्तिको सन्दर्भमा सरकारी वकीलको सेवा सर्त सम्बन्धी कानूनमा समावे हुनुपर्ने विषय, नेपालका सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलन २०७३, सम्मेलन विशेषाङ्क